म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२३ बुधवार १९ असार २०८१ ने. सं. ११४४ तछलागा 3 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गोपीराङका पूर्णबहादुरको मृत्यु



हेटौंडा,१८ असार/मकवानपुरको कैलाश गाउँपालिका-१० बेतेघारीमा एक पुरुषको शव फेला परेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार कैलाश गाउँपालिका-१० गोपीराङ बस्ने अन्दाजी वर्ष ५५ को पूर्णबहादुर प्रजा सोमबार मृत फेला परेका हुन् । मृतक दैनिक ज्यालादारी गर्दै मादकपदार्थ सेवनगरी हिड्ने भनि स्थानीयले जानकारी गराएको प्रहरीले जनाएको छ । घटनाको बारेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मध्यवर्ती क्षेत्रको ऐन संशोधन, उद्योग संचालनको बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ मध्यवर्ती क्षेत्रमा पर्या-पर्यटन र उद्योग विकासका लागि मध्यवर्तीको कानून संशोधन भएको एमाले प्रमुखसचेतक महेश बर्तौलाले वताएका छन् ।

मंगलबार साँझ साझाकुरासँग साँसद बर्तौलाले प्रतिनिधिसभाको बैठकबाट लगानी सहजीकरणसम्वन्धी विधेयक, २०८१ पास भएको वताए । नेपाल सरकारले लगानीको वातावरणलाई अनुकूल बनाई उद्योगधन्दा, कलकारखाना, व्यापारव्यवसाय वृद्धिमार्फत् रोजगारी सृजना तथा सम्वृद्धि हाँसिल गर्न बाधकका रुपमा रहेको केही वनसँग सम्बन्धित मौजुदा कानूनलाई संशोधन गर्नका लागि प्रस्ताव दर्ता गरेको थियो । राष्ट्रिय प्राथमिकतामा परेका महत्वपूर्ण आयोजनाका काममा ढिलासुस्ती पनि आगामी दिनमा नहुने भएको छ ।



बर्तौलाले भने-'यो विधेयक पारित भएसँगै राष्ट्रिय निकुञ्ज ऐन २०२९ संशोधन भएको छ । संशोधन भएको व्यवस्थाले निकुञ्ज क्षेत्रमा गौरवका कुनै आयोजना सञ्चालन हुन आगामी दिनमा अवरोध हुनेछैन । मध्यवर्ती क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहले आयोजना सञ्चालन गर्न पाउने भएका छन् । यसले मकवानपुर लगायत देशमा ३४ जिल्लाका स्थानीय नागरिकले मध्यवर्ती क्षेत्रकै कारण भोगिरहेका समस्या हल हुने र थप सहज हुनेछन् ।' राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र आदिसम्बन्धी ऐन कानुनका कारण राष्ट्रिय महत्वका आयोजना संचालनमा समस्या थियो । बिगतका दिनमा मध्यवर्ती क्षेत्रका सर्वसाधारणले आफ्नो खेतबारीमा कुनै पनि विकासका काम गर्न राष्ट्रिय निकुञ्जको अनुमति लिनुपर्ने अवस्था थियो ।

सांसद बर्तौलाले अबका सदनमा मयूरधाप औद्योगिक क्षेत्रको काम पनि अघि बढ्ने सम्भावना बढेको छ । पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा औद्योगिक क्षेत्र संचालन गर्न बिद्यमान ऐनकानूनले रोकेको भन्दै मयुधारप औद्योगिक क्षेत्रको निर्माण कार्य रोकिएको थियो । वातावरणीय प्रभाव मूल्यांकनका कार्य सम्पन्न गरी अन्तिम प्रतिबेदन वन मन्त्रालयमा पुगेर अड्किएको थियो । यो ऐन संशोधनबाट मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढाउन बाटो खुलेको सांसद बर्तौलाले बताए ।

लगानी सहजीकरण सम्वन्धी विधेयक, २०८१ को दफा ३ को उपदफा २ मा थप गर्न प्रस्ताव गरिएको दफा, उपदफा बमोजिम तोकिएको क्षेत्रबाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्व कायम हुनेगरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिएवमोजिम स्वीकृति दिन सक्नेछ' भन्ने थियो ।

प्रतिनिधिसभामा मकवानपुर लगायत अन्य सांसदहरुको प्रस्तावपछि उपदफा (१) 'क' को अन्त्यमा देहाएको वाक्यांश थप्ने भनेर 'मध्यवर्तीक्षेत्रमा संघ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने आयोजना सञ्चालन गर्न सक्नेछ र सम्वन्धित निकायको स्वीकृति लिई पर्यापर्यटन (ईकोटुरिजम) लगायतको अन्य उद्योग व्यवसाय सञ्चालन गर्न सक्नेछ' भन्ने वाक्यांश थपिएको सांसद बर्तौलाले बताए । प्रतिनिधि सभाबाट पारित भएको यो बिधेयक अब राष्ट्रियसभामा जानेछ र केही दिनभित्र राष्ट्रियसभाबाट पारित भएपछि राजपत्रमा प्रकाशन हुनेछ ।

मध्यवर्तीक्षेत्र कायम भएका मनहरी गाउँपालिकाको वडा नं. १ देखि ५ सम्म, हेटौंडा १२, १३, १४, १५ नं वडामा विकासका आयोजना अगाडि बढाउन सहज वातावरण बन्ने सांसद बर्तौलाले बताएका छन् । मध्यवर्ती क्षेत्रका बासिन्दाले वन्यजन्तको आक्रमण, बालीनालीमा क्षति, भौतिक संरचनाको नोक्सानी आदि विषयमा धेरै दु:ख पाएका थिए । यो ऐन संशोधन भएपछि पीडितले राहत पाउन पनि सहज हुनेछ ।

केही नेपाल ऐन संशोधन गर्न बनेको बिधेयकमा पनि यो विषयमा ब्यापक छलफल चलिरहेको सांसद बर्तौलाले जानकारी दिएका छन् । केही नेपाल ऐन संशोधन गर्न बनेको बिधेयकमा मध्यवर्ती क्षेत्र, संरक्षित क्षेत्रको पुरा परिभाषामा समेट्ने प्रयास गरिएको उनले बताए । यो बिधेयक पास भएपछि भूमिहिन, सुकुम्बासीको समस्या केही हदसम्म सम्बोधन हुने अपेक्षा गरिएको सांसद बर्तौलाले बताए ।

# बज्रवाराही स्वास्थ्यचौकी मकवानपुरमै उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ बज्रवाराही स्वास्थ्यचौकी न्युनतम सेवा मापदण्ड (एमएसएस) मापनमा थाहानगरको सर्वोत्कृष्ट तथा मकवानपुर जिल्लामै उत्कृष्ट भएको छ ।



स्वास्थ्य कार्यालय मकवानपुरले १७ र १८ असारमा आयोजना गरेको वार्षिक समीक्षा तथा अन्य सूचकको मूल्याङ्कनसहित थाहा नगरपालिका-६ मा रहेको स्वास्थ्यचौकीलाई जिल्लाकै उत्कृष्ट घोषणासहित सम्मान गरेको हो । कार्यक्रममा स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्ण मिजारले बज्रवाराही स्वास्थ्यचौकी व्यवस्थापन समिति अध्यक्ष राजनभक्त श्रेष्ठ, स्वास्थ्य शाखाप्रमुख मेघराज बलामी तथा स्वास्थ्य संस्था प्रमुख जिनु डंगोललाई सम्मानपत्र हस्तान्तरण गरेका छन् ।

आर्थिक वर्ष २०८०/८१ को मूल्याङ्कन सहित स्वास्थ्यचौकीलाई सम्मान गरिएको जनस्वास्थ्य प्रशासक मिजारले बताए । उनले थाहाबाट अन्य पालिकाले पनि धेरै कुरा सिक्नुपर्ने उल्लेख गर्दै बज्रवाराही स्वास्थ्यचौकीलाई उत्कृष्ट बनाउन सहयोग गर्ने जनप्रतिनिधि तथा कर्मचारीलाई बधाई दिए । यसैबीच स्वास्थ्य कार्यालय मकवानपुरले थाहा बाहेक अन्य ९ वटा पालिकाका १/१ वटा स्वास्थ्यसंस्थालाई पनि सम्मान गरेको छ ।

पालिकास्तरमा राम्रो काम गरेका स्वास्थ्यसंस्थालाई कार्यालयले सम्मान गरेको हो । स्वास्थ्य कार्यालय मकवानपुरको मूल्याङ्कनमा गत आर्थिक वर्ष २०७९/८० मा पनि थाहा नगरको बज्रवाराही स्वास्थ्यचौकी मकवानपुरमा उत्कृष्ट भएको थियो ।

स्वास्थ्य कार्यालय मकवानपुरले न्युनतम सेवा मापदण्ड (एमएसएस) मापनअन्तर्गत सुशासन व्यवस्थापन, सेवा व्यवस्थापन र स्वास्थ्य संस्था सहयोग व्यवस्थापन गरी तीन खण्डका विभिन्न सूचकमा आधारित भएर स्वास्थ्य संस्थाको वार्षिक रुपमा मूल्याङ्कन गरेको छ ।

## पदमपोखरीका सूर्यबहादुरको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा उपमहानगरपालिका-१२ स्थित पदमपोखरीमा गाडीको ठक्करबाट घाइते भएका बृद्धको मृत्यु भएको छ । केही दिन अगाडि गाडीको ठक्करबाट घाइते बृद्धको हेटौंडा अस्पताल र भरतपुर अस्पतालमा उपचारको केही दिनपछि मृत्यु भएको हो ।

प्रदेश ३-०१-०२४ च ३९६७ नम्बरको पिकअप गाडीको ठक्करबाट घाइते भएका सोही ठाउँका ८६ वर्षीय सूर्यबहादुर थिङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । थिङको हेटौंडा अस्पतालमा उपचारका लागि ल्याइएको र उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

गत असार ५ गते पदमपोखरीमा पिकअप गाडी ब्याक गर्ने क्रममा पैदलयात्री थिङलाई ठक्कर लाग्दा उनी गम्भीर घाइते भएका थिए । घाइते थिङलाई सोही दिन हेटौंडामा अस्पतालमा सामान्य उपचारपश्चात थप उपचारका लागि पुरानो मेडिकल कलेज चितवन लगिएको थियो ।

चितवनमा उपचार पश्चात डिस्चार्ज भएर असार १० गते घर फर्केका थिङलाई असार १७ गते सोमबार स्वास्थ्यअवस्था ठीक नभएपछि हेटौंडा अस्पतालमा दिउँसो ४ बजे ल्याइएकोमा डाक्टरले ४ बजेर १५ मिनेटको समयमा मृत्यु भएको घोषणा गरेको प्रहरीले जनाएको छ ।

## हेटौंडा-१६ मा सामुदायिक भवन शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा उपमहानगरपालिका-१६ मा सामुदायिक भवनको शिल्यान्यास भएको छ । उपमहानगरका कार्यवाहक नगरप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा मंगलबार भवनको शिलान्यास गरिएको हो ।



भवनको शिलान्यास गर्दै बानियाँले नगरबासीलाई स्थानीय सरकारको प्रत्यक्ष अनुभूति दिलाउन उपमहानगर लागि परेको बताए । सामुदायिक भवनबाट जनताले सहज तरिकाले सेवा पाउने समेत उनले विश्वास व्यक्त गरेका छन् । उनले भवन निर्माणको काम समयमै सक्न पनि निर्माण उपभोक्ता समितिलाई निर्देशन दिएका छन् । उपमहानगरको २० लाख रुपैयाँको बजेटबाट भवन निर्माण हुने १६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइरालाले बताए ।

निर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्ण पनेरुको अध्यक्षतामा भएको कार्यक्रममा ८ नम्बर वडाअध्यक्ष राम थापा, ९ नम्बर वडाअध्यक्ष सुकराम केसी, उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, १६ नम्बर वडाका सचिव दुर्गाप्रसाद न्यौपाने, आधुनिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्ण सापकोटा, स्थानीय समाजसेवी रामकृष्ण तिवारीलगायतको आतिथ्यता रहेको थियो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**सम्पर्क कार्यालय:**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



साझाकुरा

## हाम्रो कुरा

# विद्यालयलाई कारबाही कि हौसला ?

माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा निराशाजनक आएपछि स्थानीय सरकारले के कारवाही गर्लान् भनने विषयमा सबैतिर चासो बढेको छ । वर्षभरि विद्यार्थी पढाएर पनि एक जना उत्तीर्ण गराउन नसक्ने विद्यालयलाई कारवाही गर्नुपर्ने तर्क एकातिर उठेको छ भने कारवाही भन्दा शिक्षकलाई कक्षाकोठामा रमाउने वातावरण कसरी सृजना गर्न सकिन्छ भन्ने विषयमा स्थानीय सरकारको ध्यान जानुपर्ने तर्क छ । नतिजा निराशाजनक भएपछि मकवानपुरका धेरै विद्यालयले अतिरिक्त कक्षा (कोचिङ) सुरु गरेका छन् । नतिजा प्रकाशन भएपछि कतिपय विद्यालयका शिक्षक, ब्यवस्थापन समिति, अभिभावकको निन्द्रा हराएको अवस्था छ । सामुदायिक र संस्थागत गरी १६ विद्यालय निल गएपछि शैक्षिक क्षेत्रमा चासो सुरु भएको हो । कतिपय पालिकाले निल गएका विद्यालयमा स्पष्टिकरण सोध्ने तयारी गरिरहेका छन् । तर, यसको आधिकारिक पुष्टि भने उनीहरुले गरेका छैनन् । राम्रो रिजल्ट आउने विद्यालयले नगरमा ऱ्याली गर्ने, विद्यार्थी, शिक्षकलाई सम्मान गर्ने काम गरिरहेका छन् भने निल जाने विद्यालय भएका पालिकाले स्पष्टिकरणको तयारी गरिरहेको बुझिएको छ । मकवानपुरको १० पालिकाको नतिजामध्ये हेटौंडा उपमहानगरको नतिजा अग्रस्थानमा रहेको छ ।

हेटौंडाका २९ संस्थागतसहित ५८ विद्यालयबाट ३ हजार ५६ परीक्षार्थीले परीक्षा दिएकोमा १ हजार ७ सय ११ अर्थात ५५ दसमलव ९९ प्रतिशत उत्तीर्ण भएका छन् । हेटौंडाको एक सामुदायिक र एक संस्थागत विद्यालयको नतिजा शुन्य रहेको अर्थात निल गएको छ । थाहा नगरपालिकाको परिणाम दोस्रो स्थानमा रहेको छ । थाहा नगरपालिकाको ६ संस्थागतसहित १७ विद्यालयबाट ५ सय ३९ परीक्षार्थीले परीक्षा दिएकोमा १ सय ४८ अर्थात २७ दसमलव ४६ प्रतिशत नतिजा हासिल गरेको छ । थाहा नगरको कुनैपनि विद्यालयको नतिजा शुन्य रहेको अर्थात निल गएको छैन । मकवानपुरको मनहरी गाउँपालिकाले तेस्रो स्थानमा विद्यार्थी उत्तीर्ण गराउन सफल भएको छ । मनहरीका ३ संस्थागतसहित ११ विद्यालयबाट ४ सय ७७ परीक्षार्थीले एसइई परीक्षा दिएकोमा १ सय १५ अर्थात २४ दसमलव ११ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । मनहरीको ३ वटा विद्यालयको नतिजा शुन्य रहेको छ । यो संख्या शुन्य नतिजा हुने पालिकामध्ये मकवानपुरकै सबैभन्दा बढी हो । मनहरी-२, ३ र ४ नं. वडाका विद्यालय निल गएका हुन् । ईन्द्रसरोवर गाउँपालिकाका ६ सामुदायिक विद्यालयका ८४ जनाले एसईई परीक्षा दिएकोमा १४ जना अर्थात १६ दसमलव ६७ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । इन्द्रसरोवरमा एउटा विद्यालयको नतिजा शुन्य भएको छ । भीमफेदी गाउँपालिकाको ८ सामुदायिक विद्यालयबाट २ सय १४ परीक्षार्थीले परीक्षा दिएकोमा २१ जना मात्र अर्थात् ९ दसमलव ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । भीमफेदीको २ वटा विद्यालयको नतिजा शुन्य छ । मकवानपुरगढी गाउँपालिकाबाट १० सामुदायिक विद्यालयका ३ सय जनाले परीक्षा दिएकोमा ४६ जना अर्थात १५ दसमलव ३३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । मकवानपुर गढीको एउटा विद्यालयको नतिजा शुन्य भएको छ ।

बकैया गाउँपालिकाको ११ विद्यालयबाट ४ सय ४ जना परीक्षार्थीले परीक्षा दिएकोमा ५२ जना अर्थात १२ दसमलव ८७ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । बकैयाको २ वटा विद्यालयको नतिजा शुन्य रहेको छ । बागमती गाउँपालिकाका ५ वटा विद्यालयका २ सय ३५ परीक्षार्थीले परीक्षा दिएकोमा २७ जना अर्थात् ८ दसमलव ६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । बागमतीको पनि २ वटा विद्यालयको नतिजा शुन्य रहेको छ । कैलाश गाउँपालिकाको ६ वटा विद्यालयबाट १ सय ९९ परीक्षार्थीले परीक्षा दिएकोमा ११ जना अर्थात् ५ दसमलव ५३ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । यो उत्तीर्ण संख्या तथा प्रतिशत जिल्लामै सबैभन्दा कम हो । कैलाशको २ वटा विद्यालयको नतिजा शुन्य रहेको छ । राक्सिराङ गाउँपालिकाको ५ वटा विद्यालयबाट २ सय ३१ परीक्षार्थीले परीक्षा दिएकोमा २३ जना अर्थात ९ दसमलव ९६ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । राक्सिराङको एउटा विद्यालयको नतिजा शुन्य रहेको छ । मकवानपुरमा ३८ संस्थागत र ९९ सामुदायिक विद्यालयबाट ५ हजार ८ सय ३९ परीक्षार्थीले परीक्षा दिएकोमा २ हजार १ सय ६८ अर्थात ३७ दसमलव १३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको तथ्यांक शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरले दिएको छ ।

# संसद् दिवस : सन्दर्भ एक, प्रसंग अनेक



खिमलाल देवकोटा

पूर्व सांसद मञ्च र संघीय संसद् सचिवालयले संयुक्त रूपमा आयोजना गरेको संसद् दिवसको कार्यक्रममा पूर्व र बहालवाला सांसदको जमघटको गज्जबको मेसो मिल्यो । उक्त कार्यक्रमले पुराना मित्रहरूको पुनर्मिलन गरायो भने बहालवाला सांसदहरूको प्राय: न्यून उपस्थिति रहने लोत्से हलमा भिन्न परिवेशमा प्रवेश र आवागमनको रौनक पनि छायो । दमननाथ ढुंगाना, तारानाथ रानाभाटदेखि अग्नि सापकोटासम्मका पूर्व सभामुखदेखि वर्तमान सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल कार्यक्रममा उपस्थित थिए, जुन आफैं एक भिन्न र मौलिक प्रकारको उपस्थिति रहेको थियो ।

जनताको आवाजको प्रतिनिधित्व गर्ने, लोकतन्त्रको सुनिश्चितता र विकासको प्रवर्धनमा संसद्को भूमिकालाई सम्मान गर्न हरेक वर्ष जून ३० मा विश्व संसद् दिवस मनाइन्छ । यस दिवसले शासनमा पारदर्शिता, जवाफदेहिता र समावेशिता कायम गर्न संसदीय प्रणालीको महत्वलाई जोड दिन्छ । यसले प्रजातान्त्रिक सिद्धान्तहरूको अनुस्मारकको रूपमा कार्य गर्दछ जसले विश्वव्यापी रूपमा प्रभावकारी विधायिकी प्रक्रियाहरूलाई चित्रित गर्दछ भन्ने विश्वास गरिन्छ । सन् २०१८ मा संयुक्त राष्ट्रसंघको महासभाले एक प्रस्ताव पारित गर्दै अन्तर्राष्ट्रिय संसद् दिवस मनाउने प्रचलनको आरम्भ गरेको हो । हरेक वर्षको जून ३० ले राष्ट्रिय सांसदहरूको विश्वव्यापी संगठन, अन्तर-संसदीय संघ (आईपीयू) ले समेत यसै दिनलाई संसद् स्थापनाको दिनका रूपमा मनाउने गर्दछ । अन्तर संसदीय संघ (आईपीयू)को स्थापना पनि संसद्हरूबीचको संवाद र सहयोगलाई बढावा दिन, शान्ति प्रवर्धन गर्न र वैधानिक कार्य मार्फत विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्ने पवित्र उद्देश्यका साथ स्थापना भएको थियो ।

### संसद्को महत्व र भूमिका

संसद् लोकतन्त्रको आधारशिला हो, जसले प्रतिनिधिमूलक शासनको सिद्धान्तलाई मूर्तरूप दिन्छ । संसद्लाई बजेट पारित गर्ने, कानुन बनाउने, सरकारी कार्यहरूको निगरानी र खबरदारी गर्ने तथा जनताको मनको आवाज बुलन्द गर्ने कार्य जिम्मेवारी हुन्छ । जनताले आफ्ना प्रतिनिधिहरूको छनोट गरेर संसदरूपी संस्थामा पठाएसँगै मतदाताका प्रतिनिधिका रूपमा जनताको काम कुशलताका साथ गरुन् भन्ने अपेक्षा राख्दछन् । संसद्लाई सरकारका कामको छानबिन गर्ने, सार्वजनिक नीतिहरू जनताको आवश्यकता र आकांक्षासँग मिल्ने गरी बनेका छन्- छैनन् भन्ने कुराको समेत सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ ।

सांसदहरूले मानवअधिकारको संरक्षण, दिगो विकासको प्रवर्धन र गरिबी, असमानता र जलवायु परिवर्तन जस्ता नीतिगत मुद्दाहरूलाई सम्बोधन गर्न पनि महत्वपूर्ण भूमिका खेल्छन् । मूलत: जनताको प्रतिनिधित्व गर्छन् । सार्वभौमसत्ता सम्पन्न जनताको वैधानिक प्रतिनिधित्व गर्ने थलो संसद् हो त्यसैले यसको महत्वका बारेमा जति चर्चा गरे पनि पुग्दैन । तर २०औं शताब्दी प्रतिनिधिमूलक लोकतन्त्रको हो भने २१औं शताब्दी त प्रत्यक्ष लोकतन्त्रको हो भन्ने गरिन्छ । प्रत्यक्ष लोकतन्त्रको अभाव रहेको संसदीय प्रणालीकै महिमामण्डन गर्ने गरी संसद् दिवस मनाउँदा यसबारेमा चर्चासम्म भएन । बरु सुधारिएको संसद्का केही व्यवस्थाहरूमाथिको टिप्पणीले त्योभन्दा पछि फर्काउने प्रतिगामी अभिव्यक्तिहरूले स्थान पाए । सायद संसद् दिवसमा सो कुरा शोभनीय भएन कि ? त्यसको प्रतिवाद वक्ता र श्रोतादीर्घाबाट पनि नहुनु अर्को विडम्बना हो ।

### विश्व संसदीय परिवेश

नाम र संरचना भिन्न भए पनि विश्वभर झण्डै १९३ देशमा जनताको प्रतिनिधित्व गर्ने थलोका रूपमा व्यवस्थापिका संसद् छ, त्यहाँ सांसदहरू छन् । मुलुकको आकार-प्रकार र खासगरी राजनैतिक प्रणाली र परिवेश अनुसार संरचना, शक्ति र कार्यहरूमा व्यापक रूपमा भिन्नता पनि छन् । संसद् एक सदनात्मक वा द्विसदनीय हुन सक्छ । एक सदनात्मक प्रणालीमा, त्यहाँ एकल विधायिका सदन हुन्छ, जबकि दुई सदनात्मक प्रणालीमा दुई सदनहरू हुन्छन्- सामान्यतया तल्लो सदन (प्राय: प्रतिनिधि सभा वा राष्ट्रिय सभा भनिन्छ) र माथिल्लो सदनलाई सिनेट पनि भन्ने गरिन्छ । यस प्रकारका संरचनाका माध्यमबाट आफ्नो जिम्मेवारी पूरा गर्दछन् ।

तर आज संसद् चुनौतीले भरिएका छन् । त्यसैले चुनौती सामना गर्न संसदीय हैन राष्ट्रपतीय प्रणालीमा जाने प्रयत्न र चासोहरू व्यक्त भएका छन् । संसद् दिवसको अवसरमा यस बारे चर्चा शून्य भयो । फगत संसद् दिवस मनाइयो । भारतको संसदीय निर्वाचन र निर्वाचित प्रधानमन्त्रीलाई निर्वाचित अधिनायकको संज्ञा दिने गरिएको छ भने अमेरिकाको ट्रम्पिज्म लोकतन्त्रमाथिको भद्दा मजाक भन्ने गरिएको छ । यस बारेमा पनि संसद् दिवसमा चर्चा हुनुपर्थ्यो कि ?

### संसद्ले सामना गरेका चुनौती

विश्वभरका संसद्हरूले राजनीतिक ध्रुवीकरण, भ्रष्टाचार र सीमित जनविश्वास लगायत थुप्रै चुनौतीको सामना गरिरहेका छन् । अझै, धेरै संसद्हरू महिला र सीमान्तकृत समूहहरूको प्रतिनिधित्वको विषयलाई लिएर संघर्ष गर्ने क्रममा पनि छन् । कहीं प्रतिनिधित्व भएन भन्ने समस्या कहीं प्रतिनिधित्व भएर पनि अर्थपूर्ण प्रतिनिधित्व भएन भन्ने समस्या त कहीं प्रतिनिधित्वको विधिमा त्रुटि छ र यसको दुरुपयोग भयो भन्ने समस्या र विवादबाट पनि गुज्रेका छन् ।

संसदीय पारदर्शिता अभिवृद्धि गर्न, नागरिक संलग्नता बढाउन र विधायिकी निकायहरू वास्तवमै उनीहरूको जनसंख्याको र जनताको मनोविज्ञानको प्रतिनिधित्व भएको सुनिश्चित गर्न विश्वव्यापी रूपमा प्रयासहरू भइरहेका छन् । संसदीय कार्यमा प्रविधिको प्रभाव अतुलनीय बनेको छ । डिजिटल युगले संसदीय प्रक्रियामा क्रान्तिकारी परिवर्तन गरेको छ साथसाथै चुनौती पनि थपेको छ ।

विधायिकी गतिविधिलाई सुव्यवस्थित बनाउन, संसदीय कारबाहीमा जनताको पहुँच अभिवृद्धि गर्न र विधायिका र सांसदहरू बीचको सञ्चारमा सुधार गर्न ई-संसद् सञ्चालन गर्न अर्थात् भर्चुअल माध्यमबाट संसद्का बैठकहरू सञ्चालन गर्न पहलहरू गरिएको छ । कोभिड-१९ महामारी जस्ता संकटका बेला संसदीय कामको निरन्तरता सुनिश्चित गर्न प्रविधिले पनि महत्वपूर्ण भूमिका खेलेको छ ।

तर निर्वाचन भ्रष्टाचारको स्रोत र संसद् विकृति विसंगतिको भण्डार बन्न पुगेको छ । यसै परिवेशमा राजनीतिप्रतिको चरम अविश्वासले चरम अराजकतातर्फ मुलुकको राजनीति आक्रान्त छ । जसले जे गरे पनि हुन्छ कसैले केही गरे पनि केही हुँदैन भन्ने मनोविज्ञान हावी भएको छ । आम रूपमा नकारात्मक भाष्य हावी छ । पुरातन मान्यताबाट ग्रस्त पत्रकारिता ब्याड न्यूज इज न्यूज भन्ने स्टेपबाट वामे सर्न पनि सकेको छैन । यस्तो अवस्थामा संसद्, सांसद र राजनीतिप्रतिको नकारात्मक भाष्य हावी भएको छ । यो नकारात्मक भाष्यले नेपाली संसद् झन् बढी आक्रान्त छ । यसै परिवेशमा मनाएको संसद् दिवस त्यही नकारात्मक भाष्यको सचित्र उदाहरण बन्यो ।

### नेपाली संसद् दिवसः एक सिंहावलोकन

नेपालको संसदीय प्रणालीको स्थापना र पहिलो बैठक बसेको दिनलाई सम्झना गर्दै हरेक वर्ष जून ३० (असार १६) मा नेपाली संसद् दिवस मनाइन्छ । यो दिनले नेपालको लोकतान्त्रिक शासनतर्फको यात्रा र संसदीय इतिहासमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूलाई स्मरण गर्ने अवस्था र परिवेशलाई झल्काउँछ । त्यसो त नेपालको संसदीय इतिहासको आरम्भ विक्रम संवत् २००० को दशकको प्रारम्भमा भएको हो । संसदीय प्रणाली स्थापनाको पहिलो प्रयास २००७ सालमा राणा निरंकुशताको अन्त्यपछि भएको थियो ।

पहिलो आम निर्वाचन २०१५ सालमा भएको थियो, जसले नेपालको पहिलो निर्वाचित संसद्को गठन गऱ्यो । तर, राजनीतिक अस्थिरता र २०१७ सालमा राजा महेन्द्रको फौजी काण्डका माध्यमबाट संसदीय व्यवस्थालाई असफल घोषित गर्दै पञ्चायती व्यवस्था लागू भएपछि तीन दशकसम्म संसदीय विकास रोकियो । निर्दलीय पंचायती निरंकुशता लादियो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप दलमाथिको प्रतिबन्ध फुकुवा भै संसदीय बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनाले नेपालको संसदीय प्रणालीको लागि नयाँ युगको आरम्भ भयो भन्ने गरिन्छ ।

२०४७ सालको संविधानको घोषणाले लोकतान्त्रिक चुनाव र दुई सदनात्मक व्यवस्थापिका गठनको लागि मार्गप्रशस्त गऱ्यो । माओवादी युद्ध र सात दल बीचको सहकार्यमा २०६२/६३ को संयुक्त जनआन्दोलनले लोकतन्त्रप्रति नेपालको प्रतिबद्धतालाई अझ बलियो बनायो, जसले राजतन्त्रको उन्मूलन सँगै नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो । यो सँगसँगै संसद्प्रतिको जनताको अपेक्षा ह्वात्तै बढेको पनि हो । तर जनताको अपेक्षा र संसद्को कार्यक्षमताका बीचमा अन्तरविरोध पैदा हुँदा संसद्, सांसद र राजनीतिप्रति नै जनताका मनमा नकारात्मक भाष्य हावी हुन पुगेको अवस्था छ ।

नकारात्मक भाष्यलाई छाड्ने हो भने नेपालको संसद्ले पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति गरेको छ । नयाँ संविधान जारी हुनुले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा स्थापित गर्ने ऐतिहासिक कोसेढुङ्गाको रूपमा लिन सकिन्छ । यही संविधान हो जसले एकै पटक राजतन्त्रबाट गणतन्त्रमा, एकात्मकबाट संघात्मकमा, हिन्दु अधिराज्यबाट धर्मनिरपेक्षतामा र असमावेशी राज्य समावेशितामा लैजाने व्यवस्थालाई संस्थागत गरेको छ । सुधारिएको संसदीय प्रणालीको संरचनालाई अभिव्यक्त गर्दछ । संविधानले मौलिक हक र स्वतन्त्रताको ग्यारेन्टी गर्दछ । समावेशिता प्रवर्धन गर्दछ र सामाजिक न्याय र समानताको महत्वलाई जोड दिन्छ । नेपालले संसद्मा एक तिहाइ महिला (३३ प्रतिशत हैन) महिला सहित अल्पसंख्यक, लोपोन्मुख र सीमान्तकृत समुदायको प्रतिनिधित्व बढाउने काममा उल्लेखनीय प्रगति गरेको छ ।

तैपनि जनता सन्तुष्ट छैनन् । संसदीय व्यवस्थाका पण्डितहरू आफैं सन्तुष्ट छैनन् । यो सबै कुराको दोष संसद् र संसदीय व्यवस्थालाई नै लगाइरहेका छन् । यति हुँदा पनि संविधान निर्माण गर्दाका बखत प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीका बारेमा भएको चर्चाको उजागरसम्म संसद् दिवसमा भएन, के यो समाधान खोज्ने तरिका हो त ?

### चुनौती र भविष्यका सम्भावना

यी उपलब्धिहरूका बाबजुद पनि नेपालको संसदीय प्रणालीले धेरै चुनौतीको सामना गरिरहेको छ । अन्तरिम संविधानले परिकल्पना गरेको सहमतीय राजनीतिक प्रणालीलाई संविधानसभामा लज्जास्पद हार बेहोरेका कारणले खारेज गर्दाको परिणाम राजनीतिक अस्थिरता, बारम्बार सरकार परिवर्तन र प्रमुख राजनीतिक दलबीचको सहमतिको अभावको मार खेप्न बाध्य छ भने प्रभावकारी शासन सञ्चालनमा बाधा पुऱ्याएको छ ।

भ्रष्टाचार, सीमित सार्वजनिक विश्वास र निश्चित समूहहरूको कम प्रतिनिधित्व जस्ता मुद्दाहरू जारी छन् । यी चुनौतीलाई सम्बोधन गर्न नेपालले लोकतान्त्रिक संस्थालाई सुदृढीकरण, सुशासनको प्रवर्धन र सांसदहरूको क्षमता अभिवृद्धिमा केन्द्रित गर्न जरूरी छ । नागरिक संलग्नता बढाउन, संसदीय पारदर्शितामा सुधार गर्न र विधायिकी प्रक्रियाहरू थप समावेशी र प्रतिनिधिमूलक हुने सुनिश्चित गर्नका लागि पनि प्रयासहरू पर्याप्त छैनन् । या त सुधारिएको संसदीय प्रणालीमा आमूल परिवर्तन गरेर अथवा संसदीय प्रणालीको सट्टा प्रत्यक्ष निर्वाचित कार्यकारीमा गएर भए पनि निकास खोज्न जरूरी छ । तर संसद् दिवसको अवसरमा यो चर्चा पनि भएन ।

### निष्कर्ष

विश्व संसद् दिवस र नेपाली संसद् दिवसले लोकतान्त्रिक शासनको महत्व र राष्ट्रको भविष्य निर्माण गर्न संसद्को महत्वपूर्ण भूमिकाको सम्झना गर्ने काम भएको छ तर सकारात्मक उपलब्धिको चर्चा शून्य नकारात्मक भाष्यको उजागर गरेर झन् बढी चुनौती थपिदिएको छ । चुनौतीहरूलाई सम्बोधन गर्न र थप समावेशी, पारदर्शी र जवाफदेही विधायिकी प्रक्रियाहरूलाई प्रवर्द्धन गर्न निरन्तर प्रयासहरू आवश्यक छन् भन्ने तर्फभन्दा समानुपातिक निर्वाचन पद्धतिका कारण महिला, सीमान्तकृत, अल्पसंख्यकको प्रतिनिधित्वका कारण कमजोर भएको भन्ने गलत निष्कर्ष निकाल्ने कोशिश भएको छ जो अत्यन्त खतरनाक छ ।

संसद् दिवसका अवसरमा परिवर्तनका उपलब्धिहरूको स्वामित्व लिने र तिनीहरूप्रति गर्व गर्नेभन्दा तिनको उछित्तो काढ्ने र ती परिवर्तनका उपलब्धिहरूप्रति कटाक्ष गर्ने प्रवृत्ति नेपाली समाजकै कलंक हो । त्यसैले परिवर्तनका उपलब्धिहरूप्रति गर्व गरौं, तिनको जगेर्ना गरौं र तिनको अधिकतम उपयोग गर्दै समाज रूपान्तरण अभियानको नेतृत्व गरौं ।

*(साभार: अनलाइनखबर)*

# सहकारीको अनियन्त्रित वित्तीय जोखिम सामनाका लागि वित्तीय अनुशासन

बल्लभ तिमल्सिना

सम्पत्तिको स्रोतलाई इमानदारिताका साथ परिचालन गर्ने विषयसँग केन्द्रित छ, वित्तीय अनुशासन । सहकारी संस्थामा वित्तीय अनुशासन कायम गर्नु भनेको वित्तीय स्वस्थताका लागि आवश्यक सबै प्रयासको कार्यान्वयन गर्नु हो । सहकारी संस्थाहरू सामाजिक व्यवसाय हुन् र यिनीहरूको व्यावसायिक दायरा निश्चित भूगोल, समुदाय र क्षेत्रसम्म मात्रै हुन्छ । जसकारण यसका सदस्यको एकापसमा गहिरो बन्धन (बन्डिङ) रहन्छ । यही बन्धनले सहकारी संस्थालाई जीवित राखेको हुन्छ । संसारभरि कुनै पनि राष्ट्रको अर्थतन्त्रमा विचलन देखिँदा सबैभन्दा कम प्रभाव पर्ने क्षेत्र हो, सहकारी । यद्यपि नेपालको वर्तमान विभिन्न परिघटनाका दृष्टान्तलाई आधार बनाउने हो भने सहकारी क्षेत्रको एउटा तप्कामा वित्तीय अनुशासनहीनताले निकै फराकिलो जरा गाडेको अनुभूत हुन्छ ।

सन् २००० को दशकमा अमेरिकी अर्थतन्त्रमा देखिएको 'हाउजिङ बबल'भित्रको एउटा दृष्टान्त हाम्रो अहिलेको सहकारी क्षेत्रको अवस्थासँग मिल्दोजुल्दो देखिन्छ । अमेरिकाले सन् २००७ को मध्येदेखि २००९ को अन्त्यसम्म ठुलो आर्थिक मन्दीको सामना गर्नुपरेको थियो । तत्कालीन अवस्थामा त्यहाँका वित्तीय संस्थामा जब ठुलो मात्रामा पुँजीको आपूर्ति भयो, तब कर्जाका ब्याजदर हरू घट्न थाले र यसैको फलस्वरूप मानिसले आवास खरिदका लागि निकै उत्प्रेरित भए । बैंक वित्तीय संस्थाले अत्यधिक मुनाफा आर्जन गर्ने उद्देश्यले क्रेडिट स्कोर (कर्जा लगानीको विश्वसनीयता) कम भएकालाई धमाधम कर्जा प्रवाह गर्न थाले । त्यहाँका बैंक वित्तीय संस्थाले भविष्यमा घर तथा अर्पाटमेन्टहरूको मूल्यमा व्यापक वृद्धि हुँदै जानेछ भन्ने अड्कलबाजी (स्पेकुलेसन)का आधारमा ठुलो मात्रामा आवास खरिदका लागि कर्जाहरू उपलब्ध गराउँदै गए ।

क्रेडिट स्कोर कम भएका व्यक्तिमा गएको यस प्रकारका कर्जाहरू सामान्यतया बढी ब्याजदरमा लगानी हुन्थे । ब्याजदरलाई वृद्धि गरी प्रवाह भएका कर्जाहरूको साँवा-ब्याज भुक्तानी हुन सकेन र फलस्वरूप २००७ देखि २०१२ को अवधिमा ४५० भन्दा बढी बैंकहरू कोल्याप्स भए, त्यहाँको निक्षेप तथा कर्जा सुरक्षण निगमले यसै अवधिमा ७० अर्ब डलर बराबरको भुक्तानी गर्नुपरेको थियो । यस अवधिमा त्यहाँका वित्तीय कारोबार गर्ने सहकारीमा निकै ठुलो प्रभाव परे पनि बन्द नै गर्नुपर्ने अवस्था देखिएको थिएन । यसको एउटा मुख्य कारण थियो– बलियो नियमन, पुँजीकोषको पर्याप्तता र सदस्यको बन्धन ।

अलि धेरै समस्यामा परेका सहकारीलाई राज्यले बलपूर्वक एकीकरण गर्ने नीति अख्तियार गरेर पनि बचाएको थियो । अहिले हामीले भोगेको सहकारी क्षेत्रको समस्यामा एउटा प्रमुख कारण हो, घरजग्गाको भविष्यको मूल्यमा गरिएको अड्कलबाजी (स्पेकुलेसन) र सदस्यको वित्तीय अनुशासनलाई निकै कम प्राथमिकता दिई प्रवाह भएका कर्जा सापटी । यसका साथै बचत निक्षेपको परिचालनमा कायम गर्नुपर्ने न्यूनतम अनुशासनको पालनामा भएका कमजोरी एउटा प्रमुख कारण हो । सहकारी संस्थाका आन्तरिक विनियम तथा नीतिहरू सदस्यमुखी हुन्छन् अर्थात् प्रत्येक नीतिगत व्यवस्थाले सदस्यको संरक्षण गरेको हुन्छ । सहकारी संस्थाहरू स्वभाविक रूपमा व्यावसायिक संस्था हुन् र व्यावसायिक गतिविधि सञ्चालन गर्नका लागि पुँजी वा स्रोत आवश्यक छ । यही पुँजी वा स्रोतको आपूर्ति सहकारीका सदस्यद्वारा मात्रै हुन्छ । सदस्यले पुँजीको आपूर्ति गर्नुपूर्व संस्थालाई पहिचान गरेको, यसको नेतृत्वलाई बुझेको र उक्त संस्थाप्रति विश्वास गरेको हुन्छ । एक हिसाबले भन्ने हो भने सहकारी संस्था नियमनभन्दा विश्वासमै बढी केन्द्रित रहेको हुन्छ ।

### सिद्धान्तको आत्मसात

आजभन्दा झन्डै एक सय ७५ वर्षअघि सिद्धान्तलाई आधार मानेर विश्वमा सहकारी संस्थाहरू गठन भएका थिए र आज त्यही सिद्धान्तलाई नै संसारभरकै सहकारीका लागि अन्तर्राष्ट्रिय सहकारी महासंघले व्याख्या गर्दछ । सहकारीको आम सिद्धान्तलाई आफू अनुकूल व्याख्या गर्ने नभई सिद्धान्तको दायरा र यसको क्षितिजलाई आत्मसात् गर्न सकेमा मात्रै सहकारी संस्थाहरू सुरक्षित हुन्छन् । सहकारी संस्थाको नेतृत्वले सहकारीको सिद्धान्त र दर्शनलाई आत्मसात् गर्न यस सम्बन्धमा पर्याप्त सूचना, जानकारी र ज्ञान हुनुपर्छ । वर्तमान अवस्थाले सहकारी अभियानमा सिद्धान्त र दर्शनको पुनर्जागरण गर्नुपर्ने अवस्थाको माग गरेको छ ।

सहकारी क्षेत्रलाई बचाउनका लागि सरकारले केही अर्ब पैसा उपलब्ध गराउनुपर्छ भन्ने पनि यदाकदा सुनिन्छ, तर यो दिगो र भरपर्दो माग होइन । अर्थतन्त्र नै ध्वस्त भयो भने सहकारी क्षेत्र पनि बाँकी रहँदैन र यस्तो अवस्थामा मात्रै सरकारले अर्थतन्त्र पुनर्उत्थान सम्बन्धी व्यवस्था गर्न सक्ला ।

सहकारी संस्थालाई उसको सदस्यले मात्रै जोगाउन सक्छ । सदस्यसँगको घनिष्ठता र उनीहरूलाई वित्तीय साक्षरताका विविध विषयमा पर्याप्त सूचनामार्फत सशक्तीकरण गरेर जानु नै अहिलेका लागि उत्तम विकल्प हुन्छ । सहकारीको नेतृत्व चाहे त्यो वैतनिक होस् वा स्वयंसेवी, सदस्यसँग निरन्तर र अलि घनीभूत रूपमा सम्पर्क र समन्वयमै रहनुपर्छ । विभिन्न बहानामा सदस्यसँग निरन्तर सञ्चारमै रहनुपर्छ । सहकारी संस्थाहरू स्वनियमनको सिद्धान्तका आधारमा सञ्चालन हुने सामुदायिक व्यावसायिक संस्थाहरू हुन् । सैद्धान्तिक रूपमा स्वनियमन भनेको आत्मनिर्णय जस्तो अधिकारको विषय पक्कै होइन ।

सहकारीले कानुन र विधिको परिधिभित्र रहेर विभिन्न वित्तीय तथा गैरवित्तीय उत्पादन र सेवा निर्माण गर्न, बजारदर अनुसारका सेवाहरूको मूल्य तोक्न, ब्याजदर तोक्नजस्ता आन्तरिक व्यावसायिक प्रक्रियामा पूर्णत: आफ्ना अधिकार प्रयोग गर्न सक्छह न्यूनतम शुल्कमा समेत सेवा प्रवाह गर्न सक्छ । यसर्थ नियामकीय प्रावधानका बारेमा पर्याप्त जानकारी राखेर कार्यान्वयन गरेमा मात्रै कानुन परिपालनाको जोखिम कम गर्न सकिन्छ । यसका लागि कानुनी र नियामकीय प्रावधानका बारेमा व्यवस्थापन र नेतृत्व सधैं र अनिवार्य सुसूचित भइरहनुपर्छ ।

क्रमश: पृष्ठ-३....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २० गते बिहीबार ४ जुलाई २०२४ । त्रयोदशी, आषाढ कृष्णपक्ष । तछ्लागा ११४४ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक सन्तोष हुनेछ | **तुला** | : अधुरा काम सम्पन्न हुनेछ |
| **वृष** | : धन प्राप्ति हुनेछ | **वृश्चिक** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **मिथुन** | : व्यापारमा नयाँ योजना बन्नेछ | **धनु** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **कर्कट** | : कठिनाई कम हुनेछ | **मकर** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **सिंह** | : साथीभाइमा मनमुटाव हुनेछ | **कुम्भ** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कन्या** | : नयाँ काम समय देखिन्छ | **मीन** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# देउवा-ओलीको जोखिमपूर्ण सत्ता सहकार्य



काठमाडौं/सामान्यत: संसदीय राजनीतिमा पहिलो र दोस्रो दल मिलेर सरकार बनाउँदैनन् । २०७९ मंसिरको चुनावमा ठूलो दल बनेको नेपाली कांग्रेसले साना दलहरुको साथ लिएर सरकार बनाउनुपर्थ्यो, उसले नसकेको अवस्थामा दोस्रो ठूलो दल एमालेले बहुमत जुटाएर वैकल्पिक सरकार दिनुपर्थ्यो ।

तर डेढ वर्षसम्म दुई ठूला दलबीच तेस्रो दल माओवादीका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्रीमा काँध थाप्ने प्रतिस्पर्धा चल्यो । तीन पटक गठबन्धन फेरिसकेका प्रचण्ड यसरी नै पाँच वर्ष गइहाल्छ जस्तो गर्न थालेका थिए ।

तर कांग्रेस र एमालेले प्रचण्ड सरकारलाई हटाएर नयाँ सरकार बनाउने सहमति गरेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच सोमबार मध्यरात भएको सातबुँदे सहमतिको लिखित त सार्वजनिक भएको छैन । तर दुबै नेताले आ-आफ्नो दलमा गरेको ब्रिफिङ अनुसार आलोपालोमा अब ओली प्रधानमन्त्री हुनेछन्, त्यसपछि देउवा बन्ने छन् । राजनीतिक स्थिरताका लागि संविधानमा आवश्यक संशोधन गर्ने पनि सहमति भएको छ ।

देउवा र ओलीको आ-आफ्नो दलमा पूर्ण पटक भएकाले यसमा तलमाथि हुने सम्भावना छैन । तर चुनावमा प्रतिस्पर्धा गर्दै आएका र भोलि पनि मुख्य प्रतिस्पर्धी रहने दुई दलको सत्ता सहकार्य सहज पनि नभएको नेताहरुले बताएका छन् ।

**अनि ओलीलाई समर्थन**

०७९ मंसिरको चुनावमा कांग्रेस पहिलो दल भएपछि देउवा प्रधानमन्त्रीमा रहिरहन चाहन्थे । तर कांग्रेससँग गठबन्धन गरेर चुनाव लडेको माओवादीका अध्यक्ष प्रचण्डलाई १० पुस २०७९ मा एमालेले प्रधानमन्त्री बनाइदियो । त्यसपछि प्रचण्डलाई एमालेबाट छुटाएर कांग्रेस गठबन्धनमा ल्याउन समय खर्चिए । फागुन २०७९ मा प्रचण्डलाई कांग्रेस गठबन्धनमा फर्काउँदा प्रधानमन्त्रीको लाइनमा बसे । कांग्रेस नेताहरुका अनुसार उनको ध्यान प्रचण्डलाई नचिढ्याउने र गठबन्धन जोगाइराख्नमै सीमित भयो । त्यसका बाबजुद फागुन २०८० मा प्रचण्डले एमालेसँग गठबन्धन गर्ने निर्णयमा पुगे । देउवाले यसलाई धोका माने ।

त्यसपछि उनी प्रचण्ड सरकार हरहालतमा ढाल्ने प्रयासमा जुटे । एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, रास्वपा सभापति रवि लामिछाने, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई प्रधानमन्त्री अफर गरे । तर उनको कार्डले काम गरेन । त्यसपछि कांग्रेस नेताहरुले एमालेसँग पनि सम्वाद गरे । तर एमाले साना दलहरुलाई समेटेर गठबन्धन बलियो बनाउन लाग्यो । अनि सरकारको कामकारबाहीका कारण अड्डा अदालत, प्रहरी लगायतका राज्य संयन्त्रहरु आफूहरुविरुद्ध प्रयोग हुनसक्छ भन्ने भय कांग्रेस नेताहरु र स्वयं देउवामा पनि देखिन थाल्यो ।

त्यही कारण एमालेसँगै मिलेर सरकार बनाउने निष्कर्षमा पुगे । त्यसका लागि प्रतिस्पर्धी एमालेकै अध्यक्ष ओलीलाई प्रधानमन्त्री अफर गरेको नेताहरु बताउँछन् । 'अब कम्तीमा त्यस्तो हुन्न भनेर कांग्रेस पंक्तिले राहत महसुस गरेको छ', एक पदाधिकारी भन्छन्, 'सभापतिले पनि राहत महसुस गर्नुभएको होला ।' तर एमालेसँग भएको सहमति अनुसार बाँकी तीन वर्ष सत्ता गठबन्धन चल्छ, आलोपालोमा एमालेको समर्थनमा देउवा प्रधानमन्त्री हुन पाउँछन् भन्नेमा कांग्रेस ढुक्क चाहिँ छैन ।

कांग्रेस नेताहरुका अनुसार आफैंमा कांग्रेस र एमाले मिलेर सरकार चलाउन आफैंमा सहज हुन्न । ०६५ मा माधवकुमार नेपाल र ०७० मा सुशील कोइरालाको नेतृत्वमा कांग्रेस र एमालेको सरकार थियो ।

त्यसबेलाको अनुभवका आधारमा एक नेताले बताए अनुसार सरकारले गर्ने कुनै पनि निर्णयले तल्लो तहसम्म प्रभाव पर्ने भएकाले दुबै दल आफ्नो अनुकुल निर्णय होस् भन्ने चाहन्छन् । त्यसमा सरकारको नेतृत्व गर्ने व्यक्तिले सत्ता साझेदार दलसँग निकै समन्वय मिलाएर कामकारबाही गर्न सक्नुपर्छ ।

तर ओलीको सरकार सञ्चालनमा आफ्नै शैली छ । मंगलबार पार्टी पदाधिकारी बैठकमा अर्जुननरसिंह केसी लगायतका केही नेताले ओलीको प्रवृत्तिबाट आजित भएको कांग्रेसले कसरी सत्ता सहकार्य गर्छ भनेर प्रश्न समेत गरेका थिए । यद्यपि मिलेर सरकार बनाउने सहमति गरिसकेकाले त्यसमा अडिनुपर्ने र सतर्कतापूर्वक व्यवहार गर्नुपर्नेमा नेताहरुले जोड दिएका छन् ।

त्यसका लागि सरकारको नेतृत्व गरेर पठाउने व्यक्ति छनोट गर्दा नै कांग्रेसले निकै ध्यान दिनुपर्ने नेताहरु बताउँछन् । पार्टी सभापतिको विश्वास जितेको, प्रधानमन्त्री ओलीसँग पनि सहज व्यवहार गर्नसक्ने नेतृत्व खोज्नुपर्ने एक नेता बताउँछन् । नेताहरुले गठकन्धन तीन वर्षसम्म चल्छ र आलोपालोमा ओलीले सरकारको नेतृत्व हस्तान्तरण गर्छन् भन्नेमा कति विश्वस्त हुनुपर्छ भनेर देउवालाई सोधेका थिए ।

जवाफमा उनले धोकाको औषधि नहुने बताए । तर अहिले कांग्रेस र एमालेको सरकार असामान्य अवस्थामा बनेको भन्दै कांग्रेस सभापति देउवाले बैठकमा भने छन्, 'यसले पनि केही निकास दिन सकेन भने कांग्रेस मात्र होइन, एमाले पनि फेल हुन्छ । यो राजनीतिक जोखिम उहाँहरुले बुझ्नुभएको छ ।'

पछिल्लो समय कांग्रेस र एमाले मिल्नुपर्ने मत राख्दै आएका कांग्रेस नेता डा. मिनेन्द्र रिजाल पनि यो विकल्प सहज नभएको बताउँछन् । 'दुई ठूला दलको बीचमा सत्ता सहकार्य पक्कै सहज हुन्न', उनले संचारकर्मीसँग भने, 'विगतको अनुभवका आधारमा यो चुनौतीलाई व्यवस्थापन गर्दै चुनावमा एकअर्कासँग प्रतिस्पर्धा गर्नसक्ने ठाउँमा पुर्‍याउनुको विकल्प पनि हामीसँग छैन ।'

कांग्रेस र एमाले मिल्दा पनि भने जस्तो काम गर्न सकेन, सत्ता बदलिरहने राजनीति भइरह्यो भने संविधानले उपादेयता गुमाउने खतरा हुनसक्ने उनको टिप्पणी छ ।

**एमालेको निष्कर्ष : असफल हुने छुट छैन**

कांग्रेससँग भएको सहमतिबारे एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री प्रचण्ड स्वयंले कांग्रेससामू राष्ट्रिय सहमतिको सरकार बनाउने प्रस्ताव राखेको बताएका छन् । त्यो राष्ट्रिय सरकार बनाउनेभन्दा एमाले बाहेकको षड्यन्त्र भएको उनको विश्लेषण छ ।

कांग्रेसले माओवादीको प्रस्ताव स्वीकार नगरेर राष्ट्रिय सरकारको नेतृत्व गर्न आफूलाई प्रस्ताव गरेपछि नयाँ गठबन्धन बनाउने निर्णयमा पुगेको उनले सुनाए । पार्टी कार्यालय, च्यासलमा बसेको एमाले पदाधिकारी बैठकमा नेताहरुले ओलीले आफ्नो सरकारले शासकीय स्थिरतासँगै अर्थतन्त्रमा सुधार र जनतामा आत्मविश्वास जगाउने काम गर्ने बताएका छन् ।

बैठकमा नेताहरुले पनि चुनावमा प्रतिस्पर्धा गर्नुपर्ने कांग्रेससँग मिलेर जाने निर्णय खोजिमपूर्ण भएको बताएका छन् । यद्यपि विगतमा पनि लडाकू समायोजन र संविधान निर्माणका बेला दुई दल मिलेर सरकार बनाएको भन्दै नेताहरुले भनेका छन्, 'होसियारीपूवर्क चल्नुपर्छ र यो विकल्प सधैं प्रयोग पनि हुन्न ।' साथै एमाले र कांग्रेस मिलेर सरकार चलाउने प्रयासलाई असफल हुने छुट नभएको बताएका छन् । बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै एमाले उपामहासचिव प्रदीप ज्ञवालीले राजनीतिक स्थायित्वका लागि कांग्रेस र एमाले एक ठाउँमा आएको बताए ।

राजनीति स्थायित्व र लोकतन्त्रको रक्षाका लागि यो अध्यास एक प्रकारले अन्तिम विकल्प जस्तै भएको भन्दै उनले भने, 'हामी नर्मल अवस्थामा छैनौं । अहिले १९ महिनामा चौथो सरकार बनाउँदैछौं । यतिबेला राजनीतिक स्थायित्व कायम गर्नु र त्यसको बलमा डेलिभरी दिन जरुरी छ ।'

दुइटा दल मिलेर पनि सही निकास दिन सकेनन् भने धेरै जोखिमपूर्ण हुने उनद बताए । 'यो पनि सफल हुन सकेन भने सरकार गठनको अर्को के विकल्प बाँकी हुन्छ ?' उनले भने, 'यो बोध चाहिँ सबैलाई भएर नै यो ठाउँमा पुगेको हो ।'

**पहिलो परीक्षा सरकार गठनमै**

कांग्रेस र एमालेले दुई ठूला दल मिलेर सरकार गठन गर्नुको उद्देश्य राजनीतिक स्थीरता भनेका छन् । र, त्यसका लागि संविधान संशोधन गर्ने बताएका छन् । संविधान संशोधनका लागि दुई तिहाई चाहिन्छ । जुन कांग्रेस र एमाले मिल्दैमा पुग्दैन । साना दलहरुको समर्थन खोज्दा दुई दलले चाहे जस्तो संविधान संशोधनको एजेण्डामा सहमति सहज छैन । माओवादीले पूर्ण समानुपातिक निर्वाचन प्रणालीलाई अडान लिन सक्छन् भने रास्वपाले प्रदेश खारेजी, अनि राप्रपाले हिन्दू राज्य र राजतन्त्रको पुनर्स्थापना । अर्थात् विपरीत अडानमा रहेका दलहरुबीच कुनै एउटा मात्र एजेण्डामा संविधान संशोधन गर्न सहमति जुट्न मुस्किल छ ।

यसलाई बुझेका कांग्रेस र एमालेका नेताहरु पनि संविधान संशोधनको बहसलाई गइहाल्ने तयारीमा देखिन्नन् । एमाले उपमहासचिव ज्ञवाली पनि संविधान कति कार्यान्वयन भयो ? कति कार्यान्वयन भएन र १० वर्षको अनुभवका आधारमा कहाँ कहाँ सुधार गर्न जरुरी छ भनेर समीक्षा गर्न जरुरी रहेको बताउँछन् । उनले अगाडि भने, 'राजनीतिक स्थिरता कायम गर्न जहाँ जहाँ सुधार गर्न जरुरी छ, त्यसमा पनि छलफल गरेर अगाडि बढ्नुपर्छ ।'

एमाले सचिवालय बैठकले नेताहरुले संविधान संशोधनका लागि कांग्रेस र एमाले मिल्नुपर्ने, तर अरुको पनि सहयोग लिनुपर्नेमा जोड दिएका छन् । एक नेताका अनुसार माओवादी, रास्वपा, लगायतका दलहरुलाई साथ लिन आग्रह गरेका छन् । त्यसैले एमाले बैठकले राष्ट्रिय सरकार गठनमा सहयोग सबै दललाई आह्वान समेत गरेको छ ।

तर माओवादी, रास्वपा तत्काल सरकारमा जाने देखिन्न । माओवादीले कांग्रेस र एमालेबीच भएको संविधान संशोधनको सहमतिलाई परिवर्तनका उपलब्धी उल्टाउने षड्यन्त्रका रुपमा हरेको छ । अल्पमतमा पर्ने पक्का भएको सरकारमा माओवादीको साथमा रहेको रास्वपाले पनि नयाँमा नजाने बताएको छ ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल पनि कांग्रेस र एमालेको सहमति नै सन्देहास्पद भएको बताउँछन् । मध्यरातमा सहमति गरेको र दुई दलले केके लिने भनेर छिनोफानो गरेपछि राष्ट्रिय सरकार बनाउने नारा दिएको भन्दै उनी प्रश्न गर्छन्, 'आफूमाथि संकट आइलाग्ने देखेपछि हतार हतार सहमति गरेको हो कि ?'

अस्थिरता संवैधानिक व्यवस्थामा नभई नेताहरुको दिमागमा भएको उनको टिप्पणी छ । तेस्रो दललाई सरकारको नेतृत्व दिने अभ्यास कांग्रेस र एमालेले नै सुरु गरेको भन्दै उनले भने, 'समानुपातिक प्रणालीलाई पनि विद्रुप यिनै दलहरुले बनाएका होइनन् ? फेरि यो हटाउनसाथ बहुमत आउँछ भन्ने ग्यारेन्टी के छ ?'

*(स्रोत: अनलाइनखबर)*

# नम्रता र गौरवको 'नम्बरी सुन' साउन २५ मा



काठमाडौं/राजु गिरीको निर्देशनमा तयार भएको फिल्म 'नम्बरी सुन'ले नयाँ प्रदर्शन मिति रोजेको छ । मंगलबार फिल्मका मुख्य कलाकारहरु गौरव पहारी, नम्रता सापकोटा र विनोद न्यौपाने चित्रित एक पोस्टर सार्वजनिक गर्दै आगामी साउन २५ लाई प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि गत वर्षको भदौ १ र माघ १९ गरी दुईपटक प्रदर्शन मिति घोषणा गरिए पनि पछि पोस्टपोन्ड भएको थियो ।

नारायण खातीको गीत रचना, कथा र प्रस्तुति रहेको फिल्ममा सरोज खनाल, किरण नेपाली, बुद्धि तामाङ, राजाराम पौडेल, राजेन्द्र खड्गी, सविन बास्तोला, गीता अधिकारीलगायतको पनि अभिनय छ । फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद छ । प्रेम सम्बन्धमा आउने उतार-चढावको कथालाई मियो बनाएको फिल्मले सुन बनाउने सुनारको पुरानो चलनलाई पनि प्रस्तुत गरेको छ ।

रामजी लामिछानेको नृत्य निर्देशन, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, राजेशपायल राई, शान्तिश्री परियार, प्रताप दास र अनु चौधरीको स्वर, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, गौतमराज खड्काको सम्पादन, मनोरञ्जन श्रेष्ठको कलर करेक्सन तथा विनोद भुजेलको ब्याकग्राउन्ड स्कोर रहेको 'नम्बरी सुन'को निर्माता सरोज खाती, सविन खाती र मनोज रिजाल हुन् ।

# सलमानको हत्या गर्न २५ लाखको 'डिल'



काठमाडौं/गत १४ अप्रिलमा बलिउड सुपरस्टार सलमान खान बस्ने अपार्टमेन्ट (ग्यालेक्सी)मा फायरिङ भएको थियो । मोटर साइकलमा सवार व्यक्तिले उनको अपार्टमेन्टलाई निशाना बनाएर फायरिङ गरेका थिए । त्यसको केही दिनमा नै मुम्बई पुलिसले फायरिङमा संलग्न लरेन्स बिश्नोई ग्याङका चार व्यक्तिलाई पक्रियो । प्रहरीले यो मामलामा बिश्नोईसहित १८ जनाविरुद्ध मुद्धा समेत चलाइसकेको छ ।

यसैक्रममा, सलमानको घरमा गोलाबारी भएको घटनामा अनुसन्धान गरिरहेको मुम्बई पुलिसले एउटा खुलासा गरेको छ । सोमबार पत्रकार सम्मेलन गर्दै प्रहरीले लरेन्स बिश्नोई ग्याङले सलमानको हत्या गर्नका लागि एक समूहलाई २५ लाख भारुको सुपारी दिएको जनाएको छ । सलमानको हत्या गर्न उनीहरुले पाकिस्तानबाट एके-४७, एके-९२, एम-१६ जस्ता राइफल किन्ने तयारी गरेका थिए ।

पनवेल (महाराष्ट्र राज्य) क्षेत्रका डीसीपी विवेक पनसारेले भनेका छन्, 'सलमान खानको हत्याको योजनालाई लिएर केही जानकारी प्राप्त भएपछि हामी लरेन्स बिश्नोईसँग जोडिएका विभिन्न सोसल मिडिया ग्रुपहरुमा जोडियौं र त्यहीँबाट अरु पनि जानकारी जुटाउँदै गयौं । र, २४ अप्रिलमा हामीले ४ जनालाई पक्राउ गर्‍यौं । यो मामलामा अझै १०/१२ जना आरोपीहरुको खोजी कार्य भैरहेको छ ।' प्रहरीले पक्राउ गरेका चार जना आरोपीले लामो समयदेखि सलमानको घर र फार्म हाउसको रेकी गरिरहेका थिए ।

त्यसमध्ये अजय कश्यपले सलमानमाथि हमला गर्न पाकिस्तानका एक व्यक्तिबाट एके-४७ मगाउने तयारी गरिरहेका थिए । प्रहरीका अनुसार, पुणे, मुम्बई, मुम्बई, थाने, गुजरातमा लुकेर बसेका लरेन्स र सम्पत नेहरा ग्याङका ६०/७० जनाले सलमानमाथि नजर राखिरहेका थिए ।

# 'ह्रस्व दीर्घ' खेल्न नेपाल आएका 'पुष्पा' भिलेन भन्छन्, 'क्यारेक्टर राम्रो छ'




काठमाडौं/अभिनेत्री नीता ढुंगाना र ज्योतिष तथा अभिनेता हरिहर अधिकारी दम्पतीले निर्माण गरेको फिल्म 'ह्रस्व दीर्घ'मा नेपालीसँगै भारतीय कलाकारको पल्टन नै छ । फिल्ममा नेपालबाट नीता र हरिहरसहित विपना थापा, सञ्चिता लुईंटेल, प्रशान्त ताम्राकार, किरण केसी लगायतको अभिनय छ भने भारतबाट 'गजनी' भिलेन प्रदीप रावत, 'पुष्पा' भिलेन सुनील वर्मा, ब्रहानन्दम जस्ता कलाकारहरु छन् ।

फिल्मको छायांकन नै तीन चरणमा गरिएको छ । २०७९ मा भारतको हैदराबादस्थित 'रामोजी फिल्म सिटी' र गत वर्ष चितवनपछि सोमबारबाट काठमाडौंमा फिल्मको तेस्रो चरणको छायांकन सुरु गरिएको छ । जसका लागि भारतबाट प्रदीप रावत र सुनील वर्मा काठमाडौं आइसकेका छन् । छायांकनअघि फिल्मको टिमले सोमबार साँझ सानेपास्थित एक क्लबमा पत्रकारसँग भेटघाट गर्‍यो ।

पहिलोपटक नेपाल आएका 'पुष्पा'का भिलेन वर्माले फिल्ममा आफ्नो क्यारेक्टर राम्रो रहेको बताए । उनले भने- 'फिल्मबाट मलाई राम्रो क्यारेक्टर अफर आयो । त्यसैले नेपाल आएँ । मलाई नेपाल आउँछु भन्ने विश्वासै थिएन । नीताजी र हरिहरजीको आतिथ्यताले यहाँ आएँ । यसपटकको हामी तपाईंहरुसँग दशैं सेलिब्रेट गर्न आउँदैछौं । र, तपाईंहरु पनि दशैं सेलिब्रेट गर्न हलमा आउनुहोला ।'

'ह्रस्व दीर्घ'ले नेपाली फिल्मलाई भारतीय फिल्म उद्योगसँग जोड्ने वर्माको विश्वास छ । पत्रकारको आग्रहपछि उनले तेलुगू भाषामा 'पुष्पा'को संवाद समेत बोलेर सुनाए । विशेषगरी साउथमा हाँस्य कलाकारको रुपमा चिनिएका सुनीललाई 'पुष्पा'ले भने भिलेनको रुपमा स्थापित गरेको छ । अब 'पुष्पा २'मा पनि देखिन लागेका उनले डेढ सयभन्दा बढी साउथ फिल्ममा काम गरिसकेका छन् ।

'गजनी' भिलेन प्रदीप भने अघिल्लो वर्ष पनि 'ह्रस्व दीर्घ'को छायांकनका लागि नेपाल आएका थिए । यसमा उनले नीताको पिताको भूमिका निर्वाह गरेका छन् । यसअघि नीतासँग उनले भोजपुरी फिल्म 'माही'मा पनि काम गरेका थिए । यसैले उनीहरुबीच हार्दिक सम्बन्ध छ । नीताले बाल कलाकार भएर खेलेका फिल्महरु आफूले पनि बच्चा हुँदा हेरेको भन्दै रावतले कार्यक्रममा ठट्यौली गरे ।

उनले फिल्मका निर्देशक चन्द्र पन्तलाई नेपालको 'कोहिनूर' भन्दै प्रशंसा पनि गरे । 'चन्द्रसँग मैले तेस्रोपटक काम गरेको हुँ । चन्द्र नेपालको 'कोहिनूर' हुन् । मलाई उसको बारेमा जे-जति थाहा छ, त्यसले चकित बनाउँछ,' उनले भने । यसअघि चन्द्रको निर्देशनमा प्रदीपले दुईवटा भोजपुरी फिल्ममा काम गरिसकेका छन् । उनले सुनील वर्मासँग फेरि काम गर्न पाएकोमा पनि खुसी व्यक्त गरे ।

नीता भने 'ह्रस्व दीर्घ'बाट आफूलाई ठूलो अपेक्षा रहेको बताउँछिन् । 'फिल्मको काम सुरु गरेको दुई वर्ष भैसकेछ । पहिला बन्छ र ? भनेर आफैंलाई सोध्थें । सबैको साथ-सहयोगले फिल्म बनेर अब प्रदर्शनका लागि तयार भैसकेको छ । यसबाट मैले ठूलो अपेक्षा राखेको छु,' उनले भनिन् । फिल्ममा जोडिएका नेपाली र भारतीय कलाकारका कारण आफूलाई गर्व महसुस हुने नीताले बताइन् ।

आगामी असोज ३ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्ममा हरिहर अधिकारीको कथा र प्रतिक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद छ । फिल्मलाई बलिउडका सिनेमाटोग्राफर कवीर लालले खिचेका हुन् । उनले 'वेलकम ब्याक', 'परदेश', 'दिल आपके पास है' लगायत दर्जनौं बलिउड फिल्म खिचेका छन् । नेपाली, तेलुगू र हिन्दी गरी तीन भाषामा 'ह्रस्व दीर्घ' रिलिज हुनेछ ।

# सहकारीको अनियन्त्रित वित्तीय....

**वित्तीय जानकारी**

स्वभावत: सहकारी संस्थाहरू सदस्यप्रति जवाफदेही हुनुपर्छ । सहकारीको मुख्य सरोकारवाला यसका सदस्य नै हुन् । साथै नियामक, संस्थाका व्यवस्थापन समूह र सहकारी अभियान पनि सहकारी संस्थाको सरोकार राख्ने निकायहरू हुन् । यी सबै सरोकारवाला निकायलाई संस्थाको वित्तीय जानकारीहरू सम्बन्धमा आधिकारिक सूचना दिनुपर्छ ।

सहकारी संस्थाहरूले मासिक रूपमा विभिन्न माध्यमबाट वित्तीय जानकारीको खुलासा गरेको पाइन्छ भने कतिपयले दैनिक रूपमै संस्थाको सूचना पाटीमा सहकारीको वित्तीय स्थिति विवरणको खुलासा गर्ने गरेको पाइन्छ । व्यक्तिगत बाहेकका वित्तीय सूचनाहरू नियमित प्रकाशन र प्रसारण गर्ने अभ्यासले सहकारीप्रति आम समुदाय र यसका सदस्यको विश्वास कायम रहन्छ । सहकारी विभागद्वारा २०७९ भदौमा जारी ३५ बुँदे निर्देशन अनुसार सहकारी संस्थाले मासिक रूपमा निश्चित वित्तीय सूचनाहरू प्रकाशन गर्नुपर्छ । यी सूचना खासगरी सदस्यका लागि प्रकाशन गर्नुपर्ने निर्देशन रहेको छ ।

**सम्पत्ति दायित्व व्यवस्थापन**

वित्तीय कारोबारमा संलग्न सहकारीहरूमा हुने विभिन्न प्रकारका जोखिमहरूमध्ये वित्तीय जोखिम सबैभन्दा बढी महत्त्वका साथ व्यवस्थापन गर्नुपर्ने क्षेत्र हो । सम्पत्ति दायित्व व्यवस्थापन भनेको समय सीमाभित्रै सहकारीको दायित्व तिर्न नसक्दा संस्थामा पर्न सक्ने घाटाको जोखिम कम गर्न सम्पत्ति र नगद प्रवाहको उचित व्यवस्थापन गर्ने प्रक्रिया हो ।

सहकारीलाई आर्थिक रूपमा सक्षम राख्नका लागि दायित्व र सम्पत्तिको उचित व्यवस्थापन गर्नुपर्छ । यस्तै, पर्याप्त पुँजीमार्फत आम्दानीलाई स्थिर गरी तरलता र ब्याजदरको जोखिमको व्यवस्थापन गर्नुपर्छ । वित्तीय व्यवस्थापनको यो महत्त्वपूर्ण पाटोलाई बेवास्ता गर्दा पनि सहकारी क्षेत्रमा समस्या देखापरेको हो । वित्तीय व्यवस्थापन एउटा प्राविधिक सीप हो र यो सहकारी संस्थामा पनि लागु हुन्छ ।

दायित्व भुक्तानीमा सम्पत्ति नै प्रयोग हुन्छ, यसकारण सम्पत्तिलाई समयमै नगदमा परिणत गरेर मात्रै दायित्व भुक्तानी गर्न सकिन्छ । सहकारी संस्थाको पुँजीको स्रोत मुख्य चार प्रकारका छन्– सेयर पुँजी, विभिन्न कोषहरू, बचत निक्षेप र बाह्य ऋण । यी स्रोतमध्ये सेयर पुँजी र कोषहरू दायित्वअन्तर्गत परेनन्, यद्यपि सहकारी संस्थाको सेयर पुँजी फिर्ता गर्नुपर्ने प्रावधान रहेका कारण एक हिसाबले सेयर पुँजी पनि दायित्वसरह नै व्यवस्थापन गर्नुपर्छ ।

चार प्रकारका स्रोतमध्ये बचत निक्षेपलाई परिचालन गर्नका लागि सहकारी संस्थाले कर्जाका विभिन्न सेवाको निर्माण गरेको हुन्छ, त्यसैमा परिचालन गरिन्छ । यहाँ बुझ्नुपर्ने मुख्य विषय यो छ कि बचत निक्षेप फिर्ता जाने कुनै निश्चित दिन वा समयको अन्दाज गर्न सकिन्न, यसका लागि सामान्य ऐतिहासिक तथ्यांकका आधारमा वार्षिक कति प्रतिशत बचत निक्षेप फिर्ता होला भनेर मात्र सामान्य गणना गर्न सकिएला । यसरी बचत निक्षेप कति समयसम्म संस्थाले होल्ड गरेर राख्छ, त्यति नै समयका लागि मात्रै ऋणमा परिचालन गर्नुपर्छ । बचत र ऋणको अवधिलाई मेल गराइयो भने मात्र समयमै बचत निक्षेप फिर्ता गर्न सकिन्छ, यसो हुँदा नगद प्रवाह स्थिर रहनुका साथै सकारात्मक हुन्छ ।

अध्ययनले यो देखाउँछ, सहकारी संस्थाहरू समस्याग्रस्त हुनुको कारण उनीहरूको सम्पत्ति र दायित्वबिच अवधिको असन्तुलन नै हो । बचतको अवधि गणना गरेर ऋणमा परिचालन गर्नुपर्नेमा अन्य विभिन्न व्यवसाय, स्थिर सम्पत्तिहरू, घरजग्गाजस्ता अचल सम्पत्तिहरूमा लगानी गरिएका छन् । त्यसैले त्यसलाई तत्कालै तरल सम्पत्तिमा रूपान्तरण गर्न कठिन भयो र दायित्व भुक्तानी गर्न सकिएन ।

सहकारी संस्थाले हर हमेसा बचत निक्षेपको अनुपातमा १५ प्रतिशत कम्तीमा तरलता कायम गर्नैपर्छ । योभन्दा माथिको तरलता हुँदा मात्रै ऋण लगानी गर्नुपर्छ । दायित्वका विभिन्न शीर्षकको फिर्ता जान सक्ने अवधि गणना गरेर सोही बमोजिम मात्रै सम्पत्तिमा परिचालन गर्नुपर्छ ।

*(साभार: रातोपाटी)*

# दुई ठूला दल मिल्दा सेयर बजार तरङ्गित

काठमाडौं/एकाएक दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता समीकरण बन्ने निश्चित भएपछि यसको असर मंगलबारको सेयर बजारमा देखियो । गएराति दुई दलबीच सत्ता बाँडफाँटमा मोटामोटी सहमति भएपछि मंगलबार बजार खुलेको २ मिनेट नपुग्दै ४ प्रतिशत बढ्यो, पहिलो 'सर्किट ब्रेक' लाग्यो र कारोबार २० मिनेट स्थगित भयो ।

दोस्रो पटक खुलेपछि ५ प्रतिशत बजार बढ्यो, दोस्रो सर्किट ब्रेक लाग्यो । तर, त्यसपछि मध्याह्न १२:०१ बजे खुलेको बजारमा भने केही बिक्री चाप देखियो । दुई ठूला राजनीतिक दल मिल्दा सेयर बजारमा उत्साह त थियो नै, तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तत्काल राजीनामा नदिने भएपछि बजार केही मोडियो । प्रचण्डले राजीनामा दिएर बाटो खोल्दा छिट्टै नयाँ सरकार गठनका लागि मार्गप्रशस्त हुने थियो । तर, विश्वासको मत नै लिने भएपछि नयाँ सरकार गठन तत्काल नहुने भएको हो । यही कारण १२:०१ बजे २१६२ अंकसम्म पुगेको बजार तेस्रो सर्किट लाग्ने अनुमानबीच ओर्लिन थाल्यो ।

अन्तत: अघिल्लो दिनको तुलनामा बजार ४७ अंक बढेर २१०० मा बन्द भयो । मंगलबार सेयर बजारमा प्रभाव देखिनुमा दुई ठूला राजनीतिक दलको सत्ता समीकरण प्रमुख कारण रहेको लगानीकर्ता बताउँछन् । एमाले नेता विष्णु पौडेल अर्थमन्त्री बन्ने चर्चाले पनि बजार बढ्न मद्दत पुगेको केही बताउँछन् । गएराति नै सत्ता बाँडफाँट क्रममा अर्थ मन्त्रालय एमालेले सम्हाल्ने सहमति भएको छ ।

पौडेल अर्थमन्त्री हुँदैमा पूँजीबजार विकासका लागि खास काम हुने होइन, तर मौद्रिक नीति ल्याउने समय नजिकिँदै गर्दा एमाले निकट भनेर चिनिएका गभर्नर महाप्रसाद अधिकारीलाई बजार अनुकूल नीति लिन दबाब पुग्ने विश्वास लगानीकर्तामा छ ।

सेयर लगानीकर्ता संघ नेपालका कार्यवाहक अध्यक्ष ताराप्रसाद फुल्लेलले राजनीतिक घटनाक्रमको असर मंगलबारको बजारमा छरपष्ट देखिएको बताए । 'दुई ठूला राजनीतिक दल मिल्दा सरकार स्थायी हुन्छ,' उनले भने, 'अर्कातर्फ मौद्रिक नीति आउँदैछ, कांग्रेस र एमालेको सरकार भए विगतमा गरिएका कडाइ व्यवस्थाहरू खुकुलो हुने अनुमान पनि छ ।' ठूला राजनीतिक दल मिल्दा हुने स्थायित्वले निजी क्षेत्रमा पनि विश्वासको वातावरण बन्ने र अर्थतन्त्र चलायमान हुन पनि मद्दत पुग्ने अनुमानले बजारमा सकारात्मक प्रभाव पारेको उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# क्रसर उद्योग संचालक आन्दोलनमा, सरकारी अडान यथावत

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ सरकारले उद्योग नवीकरण नगरेको भन्दै क्रसर सञ्चालक आन्दोलनमा उत्रिएका छन् । उनीहरुले पछिल्लो समय काठमाडौं केन्द्रित आन्दोलन गरिरहेका हुन् ।

असार १ गतेदेखि काठमाडौं केन्द्रित गरी आन्दोलन गरिरहेका क्रसर उद्योग सञ्चालकले उद्योग नवीकरण नभए उद्योगको तालाचाबी सरकारलाई बुझाउने र राजमार्ग ठप्प पार्ने चेतावनी दिएका छन् । सरकारले नयाँ मापदण्ड ल्याउनु अगाडि नै सञ्चालनमा आएका क्रसर उद्योग नवीकरण रोकेर रोजीरोटी नै ठप्प गराएपछि आन्दोलनमा उत्रिनुपरेको नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघ अध्यक्ष सीताराम न्यौपाने बताउँछन् ।

'२०४० सालदेखि नेपालको कानुन मान्दै क्रसर उद्योग सञ्चालनमा आएका हुनु,' उनले भने, 'यो क्रम २०७२ सालसम्म चल्यो । तर, सरकारले त्यसपछि विभिन्न मापदण्ड ल्याएर सबै उद्योग सोही मापदण्डमा जाऊ भन्छ, यो अव्यावहारिक भयो' । सरकारले क्रसर उद्योगलाई नियमन गर्न २०७७ सालमा ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड कार्यान्वयनमा ल्याएकोथियो । यो मापदण्ड गाउँपालिका वा नगर पालिकाका हकमा ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री व्यवस्थित गर्न ल्याइएको भन्दै क्रसर उद्योगीले आफूहरुलाई औद्यागिक व्यवसाय ऐन अनुसार नै नियमन गर्नुपर्ने बताउँदै आएका छन् ।



व्यवसायीले नयाँ मापदण्ड अनुसार क्रसर उद्योग चलाउनै नमिल्ने हो भने सबै उद्योगलाई क्षतिपूर्ति दिएर बन्द गराउनुपर्ने वा नवीकरण गर्न दिनुपर्ने मागसहित उद्योगीहरु आन्दोलनमा उत्रिएको न्यौपानेले बताए । 'हामीले सजिलो मापदण्ड चाहियो भनेको छैनौं, अहिलेको मापदण्डले उद्योग चलाउन नमिल्ने भए सबै खारेज गरेर क्षतिपूर्ति दिउँ, नभए सहज चलाउन देऊ भनेका छौं' ।

नयाँ मापदण्ड अनुसार तोकिएका सर्त पूरा नगर्ने क्रसर उद्योग नवीकरण नगर्ने सरकारी अडानका कारण नेपालका ५ सय भन्दा बढी क्रसर उद्योगमा गरिएको २ खर्ब रुपैयाँ जोखिममा परेको ब्यवसायीले बताएका छन् । पछिल्लो समय सबै क्रसर उद्योग अदालतको आदेश र ११ माघ २०७९ को मन्त्रिपरिषद् निर्णयअनुसार चलिरहेका छन् । अदालतले सरकारलाई गत १५ फागुनसम्म आवश्यक कानुन बनाएर क्रसर उद्योग सञ्चालनको वातावरण बनाउन आदेश दिएको थियो ।

सरकारले भने अदालतले दिएको अवधिभित्र कानुन बनाएन, बरु सोही आर्थिक वर्ष असार मसान्तसम्म कर तिर्ने सर्तमा क्रसर उद्योग चलाउने निर्णय गऱ्यो । त्यसबेला कर तिरेर नवीकरण गराउने निर्णय मन्त्रिपरिषद्बाट भएको भए अहिले अनिर्णयको बन्दी हुनु नपर्ने थियो । हरेक स्थानमा क्रसर उद्योग चलाउँदा अव्यावहारिक भए क्रसर जोन, क्रसर करिडोर वा यस्तै क्षेत्र तोकी सरकारले व्यवस्थित गर्न सक्ने उपाय उद्योगीले दिएका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयकाअनुसार क्रसर उद्योगका लागि घना बस्ती र वनक्षेत्रबाट दुई किलोमिटर दुरी तय गरिएको छ । राजमार्गबाट ५ सय मिटरभित्रका नदी, सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर दुरीमा मात्र यस्तो उद्योग खोल्न सकिने प्रावधान छ । तोकिएको क्षेत्रको नदीजन्यपदार्थ उत्खनन र संकलन गर्न नपाइने मापदण्ड छ । यो मापदण्ड पालना नगरेका कारण क्रसर उद्योग नवीकरण गर्न नसकिएको मन्त्रालयले बताएको छ ।

व्यवसायीका अनुसार उद्योग विभाग र साना तथा घरेलु उद्योगमा दर्ता भएका क्रसर उद्योग संख्या नेपालमा ५ सय हाराहारीमा छ । यसबाहेक स्थानीय तह आइसकेपछि दर्ता भएका उद्योग संख्या भने यकिन नरहेको अध्यक्ष न्यौपानेले बताएका छन् । यस्तो उद्योगमा २ खर्ब रुपैयाँ लगानी रहेको र ५० हजार मानिसले प्रत्यक्ष/अप्रत्यक्ष रोजगार पाइरहेको उद्योगीले बताएका छन् ।

# प्रजाका विद्यार्थीलाई कम्प्युटर कक्षा नि:शुल्क

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ मकवानपुरको मनहरी गाउँपालिका-३ को प्रजा आधारभूत विद्यालयमा नि:शुल्क कम्प्युटर कक्षाको सुरुवात भएको छ ।

वडा नं. ३ को कार्यालयले शैक्षिक सत्र २०८१ देखि विद्यालयमा नि:शुल्क कम्प्युटर कक्षा सुरु गरेको हो । गाउँपालिकाको सहयोगमा १६ वटा कम्प्युटरको व्यवस्था गरी कम्प्युटर कक्षाको सुरुवात गरिएको वडा नं ३ का वडाध्यक्ष अनन्तप्रकाश अर्यालले जानकारी दिए । सामाजिक विकास समितिका संयोजक समेत रहेका अर्यालले भने-'आजको प्रविधिमैत्री युगमा कम्प्युटर कक्षाको महत्वलाई मध्यनजर गर्दै यस कार्यको सुरुवात गरिएको छ' ।

विद्यालयले हाल कक्षा ६, ७ र ८ लाई अनिवार्य कम्प्युटर कक्षाको सुरुवात गरेको प्रधानाध्यापक तुलबहादुर सुनारले जानकारी दिए । अगामी दिनमा सम्भव भएसम्म अन्य कक्षाका विद्यार्थीलाई पनि अनिवार्य गर्ने उनको भनाई छ ।

# माओवादीको समर्थनबिना संविधान संशोधन कठिन

काठमाडौं, १७ असार/ नयाँ सरकार बनाउने सहमति गरेका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले स्थीरताका लागि संविधान संशोधन गर्ने समझदारी गरेका छन् । खासगरी निर्वाचन प्रणालीमा सुधार गर्ने दुई दलको एजेण्डा छ । राजनीतिक स्थीरताका लागि निर्वाचन प्रणालीमा परिमार्जन आश्यक भएको दुबै दलको दाबी छ ।

तर संघीय संसदको अंकगणित अनुसार माओवादीको समर्थन विना तत्काल संविधान संशोधन असम्भव देखिएको छ । २७५ सदस्यीय प्रतिनिधि सभामा दुई तिहाइका लागि १८१ जना सांसद आवश्यक पर्छ । कांग्रेसका ८८ र एमालेका ७९ सांसद मिल्दा १६७ पुग्छ । तत्कालै संविधान संशोधनको प्रक्रिया अगाडि बढ्दा एमालेका दुई सांसदले मतदान प्रक्रियामा भाग लिन पाउँदैनन् । सभामुख रहेका देवराज घिमिरेले मतदान गर्न पाउँदैनन् भने भ्रष्टाचार मुद्दा खेपिरहेका टोपबहादुर रायमाझी निलम्बनमा छन् ।

सभामुखले मत बराबर भए मात्रै मतदान गर्न पाउने संवैधानिक व्यवस्था भएकाले दुई तिहाइ पुऱ्याउनुपर्ने संविधान संशोधनको प्रस्तावमा उनको मतदान हुने सम्भावना रहँदैन । राष्ट्रिय सभाको अंकगणित भने अझ कठिन छ ।

५९ सदस्यीय राष्ट्रिय सभामा दुई तिहाइका लागि ४० जना सांसद आवश्यक पर्छ । कांग्रेसका १६ र एमालेका १० जना गरी २६ जना सांसद छन् । माओवादी १७ सांसदसहित राष्ट्रियसभाको पहिलो दल छ । एकीकृत समाजवादीको ८ सांसद छ । जसपा नेपालका ३, लोसपाका एक र राष्ट्रिय जनमोर्चाका एक सांसद छन् । अर्थात माओवादी बाहेकका सबै दलको समर्थन जुटाउन सके मात्र राष्ट्रिय सभामा दुई तिहाई पुग्नसक्छ ।

**अन्य दलहरू के भन्छन् ?**

माओवादी केन्द्रले निर्वाचन प्रणालीमा सुधार गर्ने र प्रतिनिधि सभालाई समानुपातिकविहीन बनाउने कांग्रेस र एमालेको तयारीलाई पश्चगामी भनेको छ । माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटा संविधान संशोधन गर्ने भनेर सार्वजनिक भएका विषयले कांग्रेस र एमाले पश्चगमनतिर जान खोजेको आशंका गर्छन् । समानुपातिक निर्वाचन प्रणाली चलाउने प्रस्ताव पश्चगमतिर जाने संकेत भएको भन्दै उनले भने, 'यो बेठीक छ भन्ने हामीलाई लागेको छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कांग्रेस र एमालेको नेतृत्वमा बन्ने सरकारमा नजाने निर्णय लिएको छ । तर संविधान संशोधन गर्ने भन्ने विषयमा केही बोलेको छैन । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने संविधान संशोधन गर्ने कांग्रेस र एमालेको सहमतिको स्वागत गरेको छ । तर संविधान संशोधनको विषय र प्रक्रिया कसरी अगाडि बढ्छ, त्यसआधारमा पार्टीले निर्णय लिने प्रवक्ता ज्ञानेन्द्र शाही बताउँछन् ।


'हामी वर्तमान संविधानले काम गर्दैन भनिरहेकै छौं । अब संविधान संशोधनको प्रस्ताव आउँदा हामीले भनेका विषय आउँछन् कि अर्कै हेर्नुपर्छ । त्यस आधारमा पार्टीले आफ्नो पोजिसन क्लियर गर्छ', उनले संचारकर्मीसँग भने । कांग्रेस र एमालेका लागि संविधान संशोधन गर्न प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैमा माओवादी, रास्वपा, राप्रपा सहितका दलहरुको साथ आवश्यक पर्छ ।

हाल कानुन न्याय तथा संसदीय मामिला मन्त्री रहेका पदम गिरी सबै दलको साथ र समर्थन लिएरै संविधान संशोधनको प्रक्रिया अगाडि बढ्ने बताउँछन् ।

'हाम्रो पार्टीले राष्ट्रिय सरकार बनाउने भनेर सरकारमा सहभागी हुन सबै दलहरुलाई आह्वान गरेको छ । यस्तो आह्वान यसैका लागि हो', उनी भन्छन्, 'संविधानमा आवश्यक सुधार गर्दै सुशासन र स्थीरताका साथ समृद्धिको आकांक्षामा पुग्ने लक्ष्यका साथ राजनीतिक कोर्स अगाडि बढेको छ ।'

(स्रोत: अनलाइनखबर)

# बाढीपीडित बस्तीको खानेपानी उपभोक्तासँग गैरकानुनी असुली



सञ्जीव सुनार

हेटौंडा, १८ असार/ नगरबासी उपभोक्तालाई मासिक न्यूनतम् १० हजार लिटर खानेपानी नि:शुल्क उपलब्ध गराएर देशभर चर्चा कमाएको हेटौंडा उपमहानगर भित्रै खानेपानीको महसुल गैरकानुनी तरिकाबाट ९ गुणा भन्दा बढी असुली गरेर आर्थिक अनियमितता भइरहेको पाइएको छ ।

यो कुरा हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरी वनसस्पति क्षेत्रको हो । बाढीपीडित नयाँबस्ती खानेपानी तथा सरसफाई उपभोक्ता समितिले दीपक नेपालीसँग ९ गुणा बढी खानेपानी महसुल असुली गरेर गैरकानुनी तवरले ठगी गरेको पाइएको हो । दीपकले गत फागुनको खानेपानी महसुल १ हजार ६८५ रुपैयाँ बुझाए । तर, खानेपानी वितरक समितिको रेर्कडमा १८५ रुपैयाँ मात्रै असुली गरेको उल्लेख छ ।

उनै दीपकबाट गत साउनमा १ हजार ५०० रुपैयाँ असुली गरेको समितिको नगदी र सिद नम्बर १०९९१ मा देखिन्छ । त्यसैको प्रतिलिपिमा केरकार गरेर ५०० रुपैयाँ मात्रै लिएको देखाइएको छ । गत चैतमा उपभोक्ता समितिले चिनिमाया लोप्चनसँग ६५० रुपैयाँ रकम लिएर १३१७५ नम्बरको र सिद थमायो । त्यही नम्बरको र सिदको प्रतिलिपिमा चिनिमायाँबाट १५० रुपैयाँ मात्रै लिएको जनाइएको छ । समितिले गएको जेठ महिनामै चिनिमायाँसँग ५७५ रुपैयाँ गठी गरेको छ । उनीसँग १ हजार रुपैयाँ खानेपानी महसुल लिएर समितिले ४२५ रुपैयाँ मात्रै असुली गरेको आफ्नो रेर्कडमा राखेको छ ।

खानेपानीमै गठिएका दीपक र चिनिमायाँ त प्रतिनिधि पात्र मात्रै हुन् । यो खानेपानी उपभोक्ता समितिमा आवद्ध अधिकांश सेवाग्राही ठगिएका छन् । साझाकुरालाई प्राप्त प्रमाण हेर्दा करिब १ बर्षदेखि समितिले उपभोक्तामाथि ब्रम्हलुट गरेर आर्थिक अनियमिता गर्दै आएको देखिन्छ । अबैधानिक तरिकाले उपभोक्तासँग करिब ९ गुणा भन्दा बढी रकम असुली गरेको समितिमा ४ सयसय भन्दा बढी उपभोक्ता छन् ।

समितिमा आवद्ध पदाधिकारी र कर्मचारीले कति रकम भ्रष्टाचार गरे ? अनुसन्धानको विषय बनेको छ । समितिले वार्षिक आयव्यय समेत सार्वजनिक नगरेको स्थानीय बताउँछन् । समितिको आर्थिक गतिविधि छानवीन गरेर दोषीलाई कानुन बमोजिम कारवाही गर्नुपर्ने स्थानीयले माग राखेका छन् ।

बाढीपीडित नयाँबस्ती खानेपानी तथा सरसफाई उपभोक्ता समितिका लेखापाल विशाल मोक्तानले पैसा कहाँ गयो ? को-कसले लियो ? किन यस्तो गरे ? भन्ने बिषयमा सत्यतत्य आजै सार्वजनिक गर्ने बताए । आफू दोषी ठहर भए, सजाए भोग्न तयार रहेको पनि बताएका छन् । विगत एक वर्षदेखि समितिको आम्दानी घट्दै गएपछि कारण खोज्ने क्रममा संकलन भएको महसुल कर्मचारीले अनियमिता गरेको आफैंले पत्ता लगाएको बाढीपीडित नयाँबस्ती खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष तेजकुमार स्याङ्तानले बताए ।

विसं.२०६० सालदेखि हलसम्मको आर्थिक गतिविधि अनुसन्धान गर्न दोषीलाई कारवाही गर्न वडासदस्य धावा लामाको संयोजकत्वमा छानवीन समिति गठन गरिएको उनले बताए । अनुसन्धान गर्न केही स्थानीयले अवरोध श्रृजना गरिरहेको उनको आरोप छ ।

हेटौंडा उपमहानगरले आफ्नो नगरवासीलाई हेटौंडा खानेपानी बोर्डमार्फत १० हजार लिटर अर्थात ८५ रुपैयाँ मूल्य बराबरको खानेपानी नि:शुल्क उपलब्ध गराउँदै आएको छ । उमहानगरले बोर्डमार्फत मात्रै सेवा दिदै आएपछि समितिका उपभोक्ता न्यूनतम् खानेपानी नि:शुल्क सेवाबाट बञ्चित हुन पुगेको अध्यक्ष स्याङ्तानले बताए । नेपाल सरकारले हस्तान्तरण प्रक्रियामा ढिलाई गर्दा आफूहरु खानेपानी बोर्डमा आवद्ध हुन नसकेको उनको भनाई छ ।

**कारवाही गर्छौं: उपमेयर बानियाँ**

हेटौंडा उपमहानरका कार्यबाहक नगरप्रमुख राजेश बानियाँले उपभोक्ता गठी गर्ने र आर्थिक अनियमितता गर्नेलाई कारवाही गरिने बताए । उनले न्यूनतम् खानेपानी नि:शुल्क सेवा उपलब्ध गराउन खानेपानी उपभोक्ता समितिलाई खानेपानी व्यवस्थापन वोर्डमा आवद्ध गराउने काम धमाधम भइरहेको जानकारी दिए ।

खानेपानी महसुल गैर कानुनी तरिकाबाट असुली गरेर आर्थिक हिनामिनाको आरोप अध्यक्ष तेजबहादुर छलफलमा थिए । छलफलकै क्रममा उनका छोरा प्रकाश स्याङ्तान खुकुरी लिएर छलफलमा पुगेपछि उनलाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक प्रकाश साहले प्रकाश स्याङ्तानलाई खुकुरी सहित नियन्त्रणमा लिएको बताए । उनीमाथि अनुसन्धान भइरहेको र त्यसपछि मात्रै मुद्दा चलाईने बताए ।

# एसईई अनुत्तीर्ण सबैलाई परीक्षाको मौका दिनु कति उचित ?

काठमाडौं, १७ असार/ माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ११ कक्षा पढ्न अयोग्य भएका सबैले पूरक परीक्षा दिन पाउने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयको पक्ष र विपक्षमा बहस भइरहेको छ ।

एसईईको नतिजा सार्वजनिक भएको दिन १२ असारमा राष्ट्रिय परीक्षा बोर्डले दुई विषयसम्म ननग्रेड (एनजी) अर्थात ३५ प्रतिशत भन्दा कम अंक ल्याउनेलाई मात्र मौका परीक्षा दिन पाउने भनेको थियो । तर शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले १४ असारमा जतिसुकै विषयमा एनजी ल्याए पनि पूरक परीक्षा दिन पाउने निर्णय गरेकी छन् ।

मन्त्रीको निर्णय अनुसार नै लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन प्रक्रिया अगाडि बढेको छ भने राष्ट्रिय परीक्षा बोर्डले साउन २३ देखि ३१ गतेसम्म पूरक परीक्षा सञ्चालनको तालिका सार्वजनिक गरिसकेको छ । यस वर्षको एसईईमा ४ लाख ६४ हजार ७८५ जना सहभागी भएका थिए । तीमध्ये २ लाख २२ हजार ४७२ जनाले मात्र कक्षा ११ पढ्न पाउने गरी ग्रेड ल्याएका छन् । त्यस्तै २ लाख ४२ हजार ३१३ जना विद्यार्थी भने विभिन्न विषयमा ३५ प्रतिशत अंक कटाउन नसकेपछि कक्षा ११ पढ्न नपाउने भएका छन् ।

हालको निर्देशिका अनुसार दुई विषयसम्म एनजी ल्याएका विद्यार्थीले तत्काल हुने मौका परीक्षा दिन पाउँछन् भने त्यसभन्दा बढी विषयमा एनजी ल्याएकाले भने अर्को वर्षसम्म पर्खनुपर्थ्यो । तर मन्त्री श्रेष्ठले निर्देशिका संशोधन गरेपछि मौका परीक्षामा राम्रो गर्न सक्ने विद्यार्थीले यसै वर्ष कक्षा ११ पढ्न पाउने बाटो खुलेको छ ।

**विद्यार्थीको हितमा छ : शिक्षा मन्त्रालय**

ननग्रेड भएका सबै विद्यार्थीले परीक्षा दिन पाउनु विद्यार्थीको हितमा रहेको शिक्षा मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहालले बताए । 'नीति नियमहरु समय अनुसार, लक्षित वर्ग र मुलुकको हितमा परिमार्जन गर्दै लानुपर्छ र यो निर्णय पनि त्यही अनुसार भएको हो', उनले भने । शैक्षिक गुणस्तर कमजोर नहुने गरी परीक्षा सञ्चालन गरिने उनको भनाइ छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माले कक्षा ९ देखि १२ लाई माध्यमिक तह भनिसकेपछि १० को परीक्षामा नन ग्रेड भयो भन्दैमा एक वर्ष रोक्नु उचित नहुने बताए ।

'कक्षा ८ अथवा १२ जस्तो होइन अहिलेको परीक्षा । एउटा तह नै पार गर्दा यसरी मौका दिनु घातक हुनसक्छ तर कक्षा १० पछि पनि माध्यमिक तहभित्रै हुने भएकाले फरक पर्दैन । तर, परीक्षाको गुणस्तरमा भने सम्झौता हुनुहुँदैन', उनले भने ।

२०७१ सालमा लेटर ग्रेडिङ पद्धतिमा जानुअघि सरकारले विद्यालय शिक्षा पद्धतिमा अक्षरांकन पद्धतिसम्बन्धी अध्ययन कार्यदल बनाएको थियो । सोही कार्यदलको सुझावका आधारमा सरकारले लेटर ग्रेडिङ निर्देशिका, २०७८ ल्याएको थियो ।

निर्देशिका अनुसार विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ । ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ । त्यसमा आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा भने ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ ।

(स्रोत: अनलाइनखबर)

मकवानपुर उद्योग वाणिज्य संघको

**सदस्यता नवीकरण सम्बन्धी जरुरी सूचना**

यस संघको विधान अनुसार आ.व. २०८०/८१ को लागि नवीकरण गर्न बाकी रहेका सदस्यहरुले २०८१ आषाढ मसान्तभित्र नवीकरण गर्नुहुन अनुरोध छ । सोपश्चात सदस्यता खारेजी अथवा विलम्ब शुल्क लाग्ने व्यहोरा जानकारी गराइन्छ । सदस्यता नवीकरणको लागि निम्न कागजात अनिवार्य पेश गर्नुपर्ने व्यहोरासमेत अनुरोध छ । साथै आजीवन सदस्यहरुको सदस्यता नियमित रहन पनि निम्न कागजात २०८१ आषाढ मसान्तभित्र संघमा पेश गर्नुपर्ने व्यहोरा सूचित गराउँदछौं ।

**निम्न:**

१) अघिल्लो आर्थिक वर्षमा नियमित कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

**मकवानपुर उद्योग वाणिज्य संघ**

हेटौंडा, मकवानपुर

०५७-५२०३१०/५२३३१०

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

कार वास भित्र/बाहिर

वायरिङ मर्मत

A/C मर्मत तथा ग्याँस रिफिलिङ

सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"

"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**

हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

**विज्ञान संकायतर्फ**
क. भौतिक विज्ञान (Physics)
ख. रसायन विज्ञान (Chemistry)
ग. जिव विज्ञान (Biology)
घ. कम्प्युटर विज्ञान (Computer)

**शिक्षाशास्त्र तर्फ**
क. अंग्रेजी (English)
ख. नेपाली (Nepali)
ग. गणित (Math)

**व्यवस्थापन तर्फ**
क. विजनेस स्टडिज (Business studies)
ख. अर्थशास्त्र (Economics)
ग. गणित (Basic Math)

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाकलाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो समिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाईं प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४८३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना